# वर्गदृष्टि

**Bargadristi Weekly** साप्ताहिक

वर्ष ५ अङ्क १५ | पूर्णाङ्क २०५ | २०७७ असोज १२ गते सोमबार | Monday, 28 Sept., 2020 | पृष्ठ ८ | मूल्य रू. १०।–


## हार्दिक समवेदना



काठमाडौं । नेपाली कम्युनिस्ट आन्दोलनका अग्रज, नेकपा (क्रान्तिकारी माओवादी) का केन्द्रीय सल्लाहकार समितिका सदस्य तथा चितवन कम्युनिस्ट पार्र्टीका संस्थापक नेता जगतबहादुर श्रेष्ठको गत अशोज ७ गते आफ्नै निवास चितवनमा भएको दुखद निधनको खबरले हामी सबै अत्यन्त दुखित भएका छौ । क. जगतबहादुर श्रेष्ठ गत भदौ महिनाको अन्ततिर आफ्नै निवासमा लडेर टाउकोमा गम्भीर चोट लागेकोले चितवन मेडिकल कलेजको प्रारम्भिक उपचार पछि *बाँकी ७ पेजमा*

# राष्ट्रिय स्वाधीनताको रक्षाका लागि १४ दलको कार्यगत एकता

काठमाडौं । राष्ट्रिय स्वाधीनता, जनतन्त्र तथा जनजीविकाका सवालहरूमा कार्यगत एकता गर्दै आएका नेकपा (क्रान्तिकारी माओवादी), देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल लगायत ११ दलको हालै सम्पन्न बैठकले अबदेखि वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टी, नेपाल कम्युनिस्ट पार्टी (बोल्सेभिक) र राष्ट्रवादी केन्द्र, नेपाल समेतलाई कार्यगत एकतामा ल्याउने निर्णय गरेसँगै राष्ट्रिय स्वाधीनता, जनतन्त्र र जनजीविकाका विषयमा कार्यगत एकता गर्ने दलहरूको संख्या १४ पुगेको छ ।

भाद्र ९ मा ११ दलीय मोर्चाको तर्फबाट देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका अध्यक्ष सीपी गजुरेलले जारी गरेको वक्तव्यमा भनिएको छ, "अहिलेसम्म ११ दलको कार्यगत एकता कायम रहँदै आएकोमा अबदेखि वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टी, नेपाल कम्युनिस्ट पार्टी(बोल्सेभिक) र राष्ट्रवादी केन्द्र, नेपाल समेत थप भई १४ दलको कार्यगत एकता निर्माण गरिएको छ । आगामी दिनमा यस कार्यगत एकतामा अन्य संगठनलाई पनि सामेल गराउने प्रयत्न जारी रहने छ ।"

११ दलीय बैठकका निर्णय विभिन्न ५ बुँदामा सार्वजनिक गर्दै अध्यक्ष गजुरेलले जारी गरेको वक्तव्यमा कोभिड १९को सम्वन्धमा, एम.सी.सीका सम्वन्धमा, लिम्पियाधुरासहितको नक्साको सम्बन्धमा र अन्य जनजीविकाका सवालहरूमा बुँदागत रूपमा मोर्चाको धारणा सार्वजनिक गरिएको छ । समसामयिक विषयमा १४ वटै दलको तर्फबाट एउटा वृहत् अन्तर्क्रियाको आयोजना गरिने जनाइएको छ ।

वक्तव्यमा कोभिड १९को सम्बन्धमा "यहि विद्यमान संविधानको समेत धज्जी उडाउँदै यो विश्वव्यापी महामारीको उपचारबाट पन्छिने र विरामीले आफ्नो उपचारको जिम्मेवारी आफैंले लिनुपर्ने जस्ता सरकारले गरेको गैर जिम्मेवारी पूर्ण र आततायी निर्णय अविलम्ब फिर्ता गरी निःशुल्क उपचारको व्यवस्था गर्न, पी.सी.आर. परीक्षण अहिलेको भन्दा तीन गुणा बढाउन, कोरोना भाइरसको आशंका देखाई अन्य विरामीको उपचार नगर्ने अस्पताल माथि कडा कारवाही गर्दै सबै किसिमका विरामीहरूको उपचार गर्न, कोभिड-१९ को खर्चको विवरण तुरुन्त सार्वजनिक गर्न, *बाँकी ७ पेजमा*

## जिल्ला जनगणतान्त्रिक सम्पर्क मञ्चको संगठन विस्तार अभियान तीव्र

### *असोज १७ गते केन्द्रीय प्रशिक्षण*



काठमाडौं । जिल्ला जनगणतान्त्रिक सम्पर्क मञ्चले संगठन विस्तार अभियान तीव्र बनाएको छ । संगठन विस्तार अभियान अन्तरगत आज जोरपाटीमा सम्पर्क मञ्चको संयुक्त जिल्ला भेला सम्पन्न भएको छ । भेलाले मोरङमा केशव खड्का, संखुवासभामा प्रकाश कार्र्की र बाँकेमा चन्द्र बहादुर खड्कालाई संयोजक तोकेको छ । यसै गरि भरत लामिछाने (सर्लाही) र मनोज परियार (काभ्रे) को जिम्मेवारी *बाँकी ७ पेजमा*

## पार्थिव शरीरमा अन्तिम श्रद्धाञ्जलीसहित नेता जगतबहादुर श्रेष्ठको गरियो अन्त्येष्टि



चितवन। नेपाली कम्युनिस्ट आन्दोलनका अग्रज नेता तथा नेकपा (क्रान्तिकारी माओवादी)का केन्द्रीय सल्लाहकार दिवंगत कमरेड जगतबहादुर श्रेष्ठको पार्थिव शरीरमा अन्तिम श्रद्धाञ्जलीसहित अन्त्यष्टी गरिएको छ । उहाँको चितवनस्थित देवघाटमा शुक्रबार विहान अन्त्यष्टी गरिएको हो । उहाँको पार्थिव शरीरमा नेकपा (क्रान्तिकारी माओवादी)का पीवीएम चन्द्रहरी सुवेदी अटलले पार्टीको झण्डा ओढाएर अन्तिम श्रद्धाञ्जली अर्पण गर्नुभएको थियो । अन्तिम श्रद्धाञ्जली कार्यक्रममा पार्टीकी पीवीएम तथा महिला नेतृ अम्बिका मुडभरी, पार्टी केस घननाथ सापकोटा, चितवन जिल्ला सचिव अशोक शर्मा लगायतका नेता कार्यकर्ताहरूको उपस्थिति रहेको थियो ।

अन्तिम श्रद्धाञ्जलीमा अन्य पार्टीका नेताहरू, सांसादहरू तथा दिवंगत नेता श्रेष्ठका सहकर्मी तथा परिवारजनको उपस्थिति रहेको थियो । क्रान्तिकारी माओवादीका महासचिव मोहन वैद्य'किरण'ले पार्टीको तर्फबाट शुक्रबारै एक वक्तव्य जारी गरी कमरेड जगतबहादुर *बाँकी ७ पेजमा*

### नेपाल–चीन सीमा विवाद, भेटियो ११ नम्बर पिलर

## सरकारले भन्यो हुम्लामा चीनले नेपाली भूमि अतिक्रमण गरेको छैन



नेपाल–चीन सीमा क्षेत्रको ११ नम्बर सीमा स्तम्भमा नेपाली सेना र सशस्त्र प्रहरीको टोली । *तस्बिर : सशस्त्र प्रहरी बल*

काठमाडौ । ७ असोजमा सरकारले पत्रकार सममेलनमार्फत हुम्लाको लिमी उपत्यकामा चीनले नेपाली भूमि अतिक्रमण नगरेको बताएको छ । पछिल्लो समय चीनले नेपाली भूमिमा ९ वटा भवन बनाएको खबर आइरहेका बेला बुधबार परराष्ट्र मन्त्री समेत रहेका सरकारका प्रवक्ता प्रदीप ज्ञवालीले सरकारको धारणा सार्वजनिक गरेका हुन ।

मन्त्री ज्ञवालीका अनुसार यस्तै खबर २०७३ मा पनि आएको थियो । त्यसबेला सरकारले गृह र परराष्ट्र मन्त्रालय, नापी विभाग लगायतको संलग्नतामा टोली *बाँकी ८ पेजमा*

## संयुक्त संघर्ष समिति बनाएर आन्दोलनमा होमिए सञ्चार गृहका पीडित पत्रकारहरु

काठमाडौं । कोरोना महामारीका बेला सञ्चार गृहले श्रम ऐन तथा श्रमजीवी पत्रकार ऐन विपरीत पत्रकार/कर्मचारी कामदारलाई बेतलबीमा राख्ने, न्यूनतम पारिश्रमिक नदिने, अपमानपूर्ण तरिकाबाट कामबाट निकाल्ने, तलब घटाउने, पद घटुवा गर्ने, पूर्णकालीन स्थायी गर्नुपर्नेलाई अस्थायी गर्ने र अस्थायीलाई करारमा काम गर्न दबाब दिने, निकालिएकाहरूलाई कानुन अनुसार पाउनुपर्ने पारिश्रमिक लगायतका सेवा सुविधा नदिने कार्य भइआएको भन्दै पेशागत अधिकारका निम्ति संगठित रूपमा आन्दोलन अघि बढाउन सञ्चारगृहका पीडित पत्रकारहरूले संयुक्त संघर्ष समिति निर्माण गरेका छन् ।

संयुक्त संघर्ष समितिको तर्फबाट संयोजक धर्मेन्द्र कर्णले शनिबार जारी गरेको वक्तव्यमा भनिएको छ, 'श्रमजीवी पत्रकार ऐन बमोजिम हुनुपर्ने व्यवहार नभइ व्यवस्थापनको दुर्व्यवहारबाट पीडित एक जना पत्रकारले आवाज उठाए त्यहाँ सिंगो पत्रकार महासंघ जाने भएको निर्णयको मर्म र भावना अनुकुल महासंघको संघर्षलाई बल दिन पीडितहरूको आवाज सशक्त पार्न विभिन्न पीडित पत्रकारहरूले नागरिक दैनिक विरूद्धको सत्याग्रह स्थलमा संयुक्त संघर्ष समितिको गठन गरेका छन् ।' *बाँकी ४ पेजमा*



सञ्चार गृहका पीडित पत्रकार/कर्मचारी
संयुक्त संघर्ष समिति

प्रेस विज्ञप्ति

## कार्यगत एकता : आजको आवश्यकता

***संसदमा बहुमत ल्याएर सरकार बनाइ सकेपछिको अवस्थामा यो सरकारले गरेका जनघात र राष्ट्रघातका विरोधमा संघर्ष गर्ने सन्दर्भमा फेरि हामीले केही लामो समयसम्म चल्ने गरी कार्यगत एकताको अभ्यास सुरू गर्‍यौं***



● सी पी गजुरेल ●

कम्युनिष्ट पार्टीको ब्यानरलाई नकाबको रूपमा प्रयोग गर्दै राष्ट्रको आर्थिक, राजनीतिक, सामाजीक, साँस्कृतिक आदि सबै क्षेत्र तहश नहश पार्दै गएको केपी शर्मा ओली नेतृत्वको नेकपाको सरकार प्रति असन्तोष र आक्रोस चुलिँदो छ । 'कम्युनिष्ट पार्टीको नेतृत्वमा समाजवादको तयारी' भन्ने ढाँट, छलबाट सत्तामा आएका यिनीहरूले नेपालको वामपन्थी खेमाका केही मानिसहरू र सर्व साधारण ठुलो भ्रममा पारेका थिए ।

तर, वास्तविकता त उजागर हुनु नै थियो, भयो पनि । यो कथित 'कम्युनिष्ट पार्टी' र तिनीहरूले भट्याउने गरेको 'समाजवाद'को असली चरित्र पर्दाफास हुन दुई अढाई वर्ष लाग्यो । यतिखेर आइपुग्दा यो सरकार, यसको नेतृत्व गरिरहेको पार्टीका विरुद्ध सर्वत्र आक्रोस छ । सर्बत्र विकल्पको चर्चा चल्न थालेको छ । तर, वास्तविक विकल्प के हुनु पर्छ भन्ने विषयमा अल्मल छ । क्रान्तिकारी शक्तिहरूको आफ्नै सीमाका कारण यो विकल्पको विषयमा सम्पूर्ण जनतालाई बुझाउन सकिरहेका छैनन् ।

वास्तविक क्रान्तिकारी र वामपन्थी शक्तिहरू विभाजित छन् । त्यसैले क्रान्तिको आत्मगत शक्ति कमजोर भएको छ । कुनै एउटा पार्टीले विश्वास जितेर नेतृत्व लिइ हाल्न सक्ने अवस्था पनि देखिएको छैन । यो समस्याको समाधानका लागि 'सबै वामपन्थीहरू मिल्नु पर्छ । एकता कायम गर्नु पर्छ' भन्ने आवाज व्यापकरूपमा उठिरहेको छ । 'पार्टी एकता', 'संयुक्त मोर्चा', 'कार्यगत एकता'का विषय उठिरहेका छन् ।

धेरै कारणहरूले गर्दा कम्युनिष्ट र वामपन्थी शक्ति विभाजित भएको छ । त्यसको बारेमा यो सानो आलेखमा छ्वास्स कुरा उठाउनु भनेको मौरीको गोलामा ढुंगा हान्नु जस्तो मात्र हुने खतरा हुन्छ । त्यसकारण, यहाँ कार्यगत एकताका विषयमा मात्र संक्षिप्तमा केही चर्चा गरिने छ ।

कार्यगत एकताको विषय
कार्यगत *बाँकी ७ पेजमा*

## सम्पादकीय

# दलित समुदायमाथिको बढ्दो अपराध

"केही समय यता नेपाली समाजमा अल्पसङ्ख्यक धार्मिक समुदाय र दलित समुदायमाथि यस्ता घटनाहरू एकपछि अर्कोगरी बढ्दैजान थालेका छन् । समाजमा देखिने यस्ता जघन्य अपराधहरू नियन्त्रण गर्न, अपराधिहरूमाथि कार्वाही गरेर धार्मिक तथा सामाजिक सद्भाव कायम गराउन र धार्मिक अल्पसङ्ख्यक तथा दलित समुदायको विशेषाधिकारको संरक्षण गर्नु पर्नेमा स्वयम् सरकार र सरकारी पार्टीका मान्छेहरू नै प्रत्यक्ष वा परोक्षरूपमा यस्ता घटनामा सहभागी हुनु अत्यन्त चिन्ताको विषय हो । आफूलाई मार्क्सवादी-लेनिनवादी कम्युनिस्ट दावी गर्ने सरकारको यस प्रकारको रवैयाको हाम्रो पार्टी घोर विरोध तथा तीव्र भर्त्सना गर्दछ र साथै पीडितहरूका लागि उचित क्षतिपूर्तिको माग गर्दछ ।" नेकपा (क्रान्तिकारी माओवादी) महासचिव मोहन वैद्य'किरण'ले भदौं १७ मा जारी गरेको वक्तव्यको एक अंश हो यो ।

रुकुम चौरजहारीको हत्याकाण्डपछि दलित समुदायमाथि श्रृङ्खलाबद्ध अपराधका घटनामा बढोत्तरी भइरहेको छ । आजको २१ औं शताब्दीमा पनि दलित समुदायले मानिसको सम्मानित दर्जा पाउन सकेका छैनन् । उनीहरूमाथि जातीय छुवाछुत, सामाजिक भेदभाव तथा शोषण, उत्पीडन, अन्याय, अत्याचार, हत्या, बलात्कारका घटना एकपछि अर्को बढिरहेका छन् । नेपालको तथाकथित संविधानले जातीय छुवाछुतलाई अपराध करार गरेपनि समाजमा छुवाछुतका घटनाहरू दैनिक घटिरहेका छन् । तर सरकार दलित समुदायमाथि भएका यस्ता जघन्य, अमानवीय, क्रूर घटनाहरूप्रति कहिल्यै संवेदनशील बनेन, घटनामा संलग्नहरूलाई कडाभन्दा कडा सजायको व्यवस्था गरेन, राजनीतिक तथा प्रशासनिक संरक्षणमा दोषीहरूले उन्मुक्ति पाउँदै आए । परिणामतः यस्ता अपराधका घटनामा बढोत्तरी भइरहेको छ ।

बझाङकी १२ बर्षे बालिका सम्झना विकको बलात्कारपछि हत्या गरियो । रुकुम हत्याकाण्डपछि मधेसमा मात्रै ८ जना दलितको हत्या भएको छ । दलित महिला तथा बालबालिमाथि बलात्कार र बोक्सीको नाममा जघन्य अपराधका घटनाहरू भइरहेका छन् । यसरी मुलुकमा दण्डहीनता, अराजकता, हत्या, हिंसा र बलात्कारका घटना बढ्नुमा प्रमुख जिम्मेवार राज्य हो । अहिलेको राज्यव्यवस्था हो ।

बझाङ मष्टा गाउँपालिका-२ की १२ वर्षीया सम्झना कामीको बलात्कारपछि हत्यामा संलग्न व्यक्तिले एक महिनाअघि अर्की बालिकालाई बलात्कार गरेको खुलेको छ ।

कामीको बलात्कारपछि हत्यामा पक्राउ परेका १८ वर्षीय राजेन्द्र बोहोरासँगको अनुसन्धानबाट प्रहरीले अर्को बलात्कार घटनाको तथ्य फेला पारेको हो ।

घटना साउन २९ गते साँझ ५ बजेको हो । मष्टा २ कै १४ वर्षीया दमाई थरकी बालिकालाई बोहोराले बलात्कार गरेको अनुसन्धानमा खुलेको छ ।

हिन्दूधर्ममा आधारित जात तथा पितृसत्तात्मक व्यवस्था (वर्णाश्रम व्यवस्था) र चरम गरिबीले गर्दा पनि दलित समुदायमाथि यस्ता अपराधहरू भइरहेका छन् । दलित समुदायमाथि बर्षौदेखि भइरहेको यस्तै अपराध र उत्पीडनका विरुद्ध विभिन्न कालखण्डमा पटक पटक आन्दोलन, संघर्षहरू भएका छन् । दशवर्षको जनयुद्धमा पनि मुक्तिको सपना बोकेर ठूलो संख्यामा दलित समुदाय मुक्तियुद्धमा होमिए । दलित समुदायको मुक्तिका निम्ति आर्थिक, सामाजिक, राजनीतिक लगायत हरेक क्षेत्रमा 'विशेषाधिकार'को व्यवस्था गरेर मात्र दलित समुदायमाथि हुँदै आएको छुवाछुत र भेदभाव तथा उत्पीडनबाट मुक्ति सम्भव रहेको निष्कर्ष निकालिएको थियो । तर तत्कालीन नेतृत्वले गरेको धोका र गद्दारीले जनयुद्धले गम्भिर धक्का खान पुग्यो र जनयुद्धकालीन अवस्थामा स्थापित यी मुद्दाहरू पनि ओझेलमा परे, पारिए । परिणामतः दलित समुदायमाथि अपराधको श्रृङ्खला बढेर गयो ।

अहिलेको व्यवस्था सामन्त, नोकरशाही तथा दलाल पुँजीवादमा आधारित संसदीय व्यवस्था हो । यो व्यवस्थाबाट शोषित उत्पीडित वर्ग र समुदायको मुक्ति सम्भव छैन ।

दलित समुदायको मुक्तिको मुद्दा मूलतः वर्गीय मुद्दा हो । वर्गमुक्ति युद्ध वा आन्दोलनबाट मात्रै दलित समुदायमाथिको अपराध तथा उत्पीडनको अन्त्य हुन सक्दछ । सम्पूर्ण दलित समुदाय एकताबद्ध भएर वर्गीय मुक्ति आन्दोलनलाई घनिभूत बनाएर अर्थात् जनक्रान्तिको प्रक्रियालाई गतिशील बनाएर मात्रै दलित मुक्ति सम्भव छ । विशुद्ध दलित आन्दोलनबाट वा एनजिओ आइएनजिओको एजेण्डाबाट दलित मुक्ति सम्भव छैन । वर्गीय मुक्ति विना दलित मुक्ति सम्भव छैन । नयाँ जनवादी क्रान्ति नै दलित मुक्तिको अचुक र निर्विकल्प अस्त्र हो ।

परिवर्तनको सम्वाहक

मूलबाटो

सत्यतथ्य निष्पक्ष खबर तथा

विचारका लागि सधैं हेर्नै र पढ्ने गरौं ।

www.moolbato.com

# क. चन्द्रा थानी एक संस्मरण



● रामसिंह श्रीस ●



**कम्युनिष्ट आन्दोलनमा थुप्रै यस्ता पात्रहरू पाइन्छन् जो जीवनको एउटा कालखण्डमा निकै क्रियाशील र क्रान्तिकारी हुन्छन् । तर त्यो क्रियाशिलता र क्रान्तिकारीपनले निरन्तरता पाउन सक्दैन । कतिपय त प्रतिक्रियावादी कित्तामा पुग्छन् भने कतिपय निस्क्रिय हुन्छन् । तर क.चन्द्रा थानी पार्टीमा लागेपछि जीवनभर क्रान्तिकारी गतिविधिमा क्रियाशिल रहनु भयो । यसरी उहाँको अर्को सवलपक्ष भनेको क्रान्तिकारी निरन्तरता नै हो ।**

यही २०७७ साल भदौ २८ गतेका दिन विहान मैले क.चक्रपाणी शर्माजीलाई फोनमा सोधें कमरेडको स्वास्थ्य अवस्था कस्तो छ भनेर । कमरेडले जवाफ दिनुभयो अवस्था अत्यन्तै क्रिटिकल भयो । अब घण्टा कुर्ने काम भैरहेको छ । यो खबरले म स्तब्ध भएं । मैले तुरुन्तै हाम्रो महिला संघको अध्यक्ष,महासचिव लगायत अन्य केही साथीहरूलाई पनि खबर गरें । क.चन्द्रा थानीसंग मेरो प्रत्यक्ष कुराकानी नभए पनि क.चक्रपाणीसंग मेरो निरन्तर सम्पर्क भैरहेको थियो । दुइ तीन दिन पहिले उहांसंग कुराकानी हुंदा पत्थरीकालागि अपरेसन गर्नु भन्दा पहिले जन्डिसलाई सामान्य अवस्थामा ल्याउन पाइपबाट निकाल्ने काम भइरहेको छ भन्नु भएको थियो । मलाई अवस्था सामान्य होला भन्ने लागेको थियो तर स्थिति त्यस्तो रहेनछ । अन्तत त्यहि दिनको पांच बजेतिर उहांको निधन भयो भन्ने खबर मलाई आयो । दुखकोसाथ पशुपति आर्यघाट पुगेर महासचिव क.किरण सहित अन्य कमरेडहरूसंगै अन्तिम श्रध्दान्जली दिएर फर्कें । उहांको निधनले पार्टीले एक जना कर्मठ, प्रतिबध्द योध्दा गुमाएको छ र कम्युनिष्ट आन्दोलनमा अपूर्णीय क्षति पुगेको छ ।

कमरेड चन्द्रा थानीसंगको मेरो भेट र सहकार्य धेरै पहिले देखिको होइन । हाम्रो पार्टीबाट बादलजीहरूको बहिरगमन पछि मलाई महिला मोर्चाको ईन्चार्जको जिम्मेवारी दिइयो । त्यसपछि नै मेरो उहांसंग भेटघाट भयो र नजिकको सम्बन्ध बन्यो । पछि मलाई पार्टीले पश्चिम ब्यूरोको जिम्मा पनि दियो । उहां पार्टीको कर्णाली प्रदेश कमिटीको सदस्य पनि हुनुहुन्थ्यो । त्यसैले उहांसंगको भेटघाट अरु नजिकिंदै गयो । बिशेष गरेर गत २०७६ साल माघ १५ गते देखि पार्टीले संचालन गरेको 'राष्ट्रिय स्वाधिनता र संगठन विस्तार अभियान'को क्रममा उहां संगसंगै काम गर्ने अवसर प्राप्त भयो । महेन्द्रनगरमा भएको अभियानको उदघाटन कार्यक्रममा उहांले महिला मोर्चाको तर्फबाट भाग लिनुभएको थियो । त्यसपछि उहां कर्णाली प्रदेशको तयारीको लागि जानु भयो । जब अभियान कर्णाली प्रदेशमा प्रवेश गरयो सल्यान र सुर्खेतमा म पनि उहांहरूसंग साथ साथै हिडें । स्थानीय स्तरमा भएका सबै कार्यक्रमहरूमा उहांले महिला मोर्चाको तर्फबाट कार्यक्रमलाई सम्बोधन गर्नु भयो । कोभिड १९ को संक्रमणको कारणले २०७६ साल फागुन२३ गते देखि पार्टीले अभियान स्थगित गरयो । त्यसै दिन म उहांहरूसंग विदा भएर काठमाण्डौ लागें । यो विदाई नै मेरो उहांसंगको अन्तिम विदाई भयो । यसै दौरानमा नै मैले उहाँको वारेमा धेरै कुरा बुझ्ने अवसर पाएं ।

हामी आफुलाई कम्युनिष्ट भन्नेहरू प्राय सबैले पार्टी र क्रान्तिको लागि, मूलतः श्रमिक वर्गकोलागि बलिदान दिने कुरा गर्दछौं । तर ब्यवहारमा अलि फरक पाउंछौ । पार्टी,क्रन्ति र सर्वहारा वर्गको स्वार्थलाई केन्द्रमा राखेर काम गर्ने भन्दा पनि आफुलाई केन्द्रमा राखेर सोच्ने प्रवृतिहरू प्रसस्त पाईन्छन् । आफुले चाहेजस्तो पद वा अवसर मिलेन भने अनेक खालको बखेडा गर्ने मानिसहरू कम्युनिष्ट आन्दोलनभित्र थुप्रै भेटिन्छन् । को सिनियर को जुनियर भन्ने कुरामा हाम्रो लडाई हुन्छ । उ भन्दा म धेरै सिनियर हुं त्यसकारण उसको नेतृत्व अन्तरगत रहेर काम गर्न सक्दिन भन्ने प्रवृतिसंग हामी जुझ्दै आएका छौं । यस प्रकारको प्रवृति सर्वहारा वर्गीय चरित्र होइन । क. चन्द्रा थानीमा यसप्रकारको प्रवृति पाइएन ।उहां २०३६ साल देखि विद्यार्थी राजनीतिमा लागेर २०३८ सालमा पार्टी सदस्यता प्राप्त गरेको ब्यक्ति हुनुहुन्थ्यो । पार्टी र महिला मोर्चामा उहांभन्दा धेरै जुनियर साथीहरू नेतृत्वतहमा पुग्दा पनि क.थानी उहांहरूको मातहतमा रहेर खुसिकासाथ संगठनले दिएको जिम्मेवारी पुरागर्न सधैं तत्पर रहनु हुन्थ्यो । म सिनियर हुं ,मलाई यस्तो पद चाहिन्छ भनेर बार्गेनिड गरेको मैले पाइन ।

उहांले पद प्रतिस्ठालाई भन्दा क्रान्तिकारी नीतिलाई प्रधानता दिनुहुन्थ्यो भन्ने कुरा उहांको जीवन ब्यवहारले पुष्टि गर्दछ । पार्टी भित्रको दुइलाइन संघर्षमा उहां क्रान्तिकारी धारमा नै उभिनु भयो र अवसरवादको विरुध्दमा निर्मम संघर्ष गर्नु भयो ।

कम्युनिष्ट आन्दोलनमा थुप्रै यस्ता पात्रहरू पाइन्छन् जो जीवनको एउटा कालखण्डमा निकै क्रियाशील र क्रान्तिकारी हुन्छन् । तर त्यो क्रियाशिलता र क्रान्तिकारीपनले निरन्तरता पाउन सक्दैन । कतिपय त प्रतिक्रियावादी कित्तामा पुग्छन् भने कतिपय निस्क्रिय हुन्छन् । तर क.चन्द्रा थानी पार्टीमा बाँकी ८ पेजमा लागेपछि जीवनभर क्रान्तिकारी गतिविधिमा क्रियाशिल रहनु भयो । यसरी उहांको अर्को सवलपक्ष भनेको क्रान्तिकारी निरन्तरता नै हो ।

अन्तमा यहि २०७७ साल असौज ९ गते उहांको श्रध्दानजली सभा हुंदै छ । ब्यक्तिगत हितलाई भन्दा पार्टी र क्रान्तिको हितलाई प्राथमिक्तामा राख्ने,दुई लाईन संघर्षमा क्रान्तिकारी कित्तामा दह्रोसंग उभिने र जीवनको अन्तिमघडीसम्म कान्तिकारी गतिबिधिमा निरन्तर लाग्ने उहांका गुणहरूलाई हामीले अनुकरण गर्नु पर्दछ । यही नै उहाँ प्रतिको सच्चा श्रद्धाञ्जली हुनेछ । २०७७/०६/०८

# जनविरोधी सरकारको दिनचर्या फासीवादी कसरत



● पुष्प गोपाल श्रेष्ठ ●

२०६२/०६३ सालको दोश्रो जनआन्दोलनबाट निर्माण गरेको अन्तरिम संविधान विपरित सर्वोच्च अदालतको आदेशलाई सर्वोपरि मानी पहिलो संविधान सभा विघटन गरी, देशमा कायम रही आएको बहुदलिय व्यवस्थालाई समेत भङ्गगरी, सर्वोच्च अदालतका वहालिवाला प्रधानन्यायाधिस खिलराज रेग्मीको अध्यक्षतामा निर्दलिय व्यवस्था कायम गरी, आफु अनुकूल दोश्रो संविधान सभा निर्माण गरी तयार पारेको संविधान, खासमा भन्नुपर्दा उनीहरूले भन्ने गरे जस्तो उकृष्ट संविधान नभई राष्ट्र र राष्ट्रियतालाई समूल नस्त ध्वस्त पारी राष्ट्रिय स्वाधिनतामाथि साम्राज्यवाद, विस्तारवाद तथा विदेशी प्रतिक्रियावादीहरूको हैकमलाई सिरोधार्य गर्दै, निर्विवाद रूपले उनिहरूको दलालिमा लम्पसार पर्न, आफुले निर्माण गरेको संविधानका कतिपय धारा उपधाराहरूलाई समेत निसंकोच ढङ्गले उलंघन र ध्वष्ट पार्दै देशमा एकल जातीय केन्द्रीकृत राज्य व्यवस्थालाई अरु मजबुत र एकाधिकार कायम गर्न संविधान निर्माणकै क्रममा संविधानको मूल धारा उपधाराहरूमा अनेकौं छलकपट अर्थात बेता न बेतिको अर्थ लाग्ने प्रावधानहरू समावेस भए गरेको पाइन्छ ।

संविधानको प्रस्तावनामाः बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधायुक्त विशेषतालाई आत्मसात गरी - 'जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैंगिक विभेद र सबै प्रकारको जातीय छुवाछुतको अन्त्य गरी' भन्ने उल्लेख छ । तर, विश्वमा उत्कृष्ट भनिएको लोकतान्त्रिक गणतन्त्रिय संविधान निर्माण गरी घोषणा गरे पश्चात सत्तासिन हुन पुगेका सत्ताधारिहरूले पूर्वराजा पृथ्वीनारायण शाहको दुरासयपूर्ण पद चापलाई पछ्याउँदै, देशका आदिवासी जनजातीहरूको अस्तित्व नामेट गर्न नाङ्गो पाराले विकासको नाउँमा पुरै हस्तक्षेप कार्य गर्दै, ऐतिहासिक एवम् पुरातात्वीक सांस्कृतिक सहर कान्तिपुर (काठमाडौं)लाई समूल नष्ट ध्वष्ट पारी रोडा र कंक्रिटको ढिस्कोमा परिणत गरी, यस सहरका आदिवासी जनजाती नेवाःजातीको अस्तित्वमाथि धावा बोल्दै सम्पूर्ण नेवा जनजातीहरूलाई उठिबास गराई पठाउने साजिसभित्र विकासका नाममा अनेकौं योजना बुन्दै, खोकना, पशुपति क्षेत्रसँगै भक्तपुर र ललितपुर तिर कूदृष्टि फैलाउँदै नेपालमा एकल जातीय केन्द्रिकृत सामन्ति सत्ताको ठाउँमा दलाल पूँजीपति अर्ध-सामन्ति तथा अर्ध-नवऔपनिवेशिक संसदिय व्यवस्थालाई निरन्तरता दिंदै नेपाल राष्ट्र र राष्ट्रियतालाई विनष्ट पारी खस-आर्यको एकल जातीय राज्य स्थापना गर्दै आएको व्यवहारतः प्रष्ट छ ।

कुनैपनि देशको राष्ट्र र राष्ट्रियता भनेको त्यहाँको भूगोल राष्ट्र हो भने त्यहाँका आदिवासी जनजाती जनता राष्ट्रियता हुन् । यस संविधानभित्र कोरिएका विभिन्न प्रावधानले के कुरा प्रष्ट्याउँछ भने विभिन्न तौर-तरिका अपनाई यस देशका आदिवासी जनजातीहरूको भाषिक धार्मिक तथा सांस्कृतिक जस्ता विषय वस्तुहरूमा विभेद गर्दै धुजाधुजा पारी, एकल जातीय राज्य (खस-आर्यहरूको एकल जातीय राज्य) कायम गर्दै आइरहेका छन् ।

संविधानको धारा ४.१ ले धर्मनिरपेक्ष राज्य भनेको छ । संविधान उदार छ भन्ने देखाउन यो प्रावधान चर्चा गर्ने गरेका छन् । तर यसको लगतै 'धर्मनिरपेक्ष'लाई 'सनातनदेखि चलि आएको धर्म संस्कृतिको संरक्षण' भनेर स्पष्टीकरण अगाडि सारेर हिन्दुराज्य अर्थ्याउन सजिलो बनाएका छन् । यसै माध्यम प्रहरी, प्रशासन, संसददेखि न्यायलयसम्म हाबी भएका कतिपय हिन्दु विशेषतः खस-आर्यहरूले त्यस स्पष्टीकरणलाई हिन्दुराज्यको अर्थ लगाई गाई, गोरु मारेको अभियोगमा आदिवासी दलित र मुस्लिमहरूलाई कार्वाइ गर्न कानुन बनाउने, पक्रने जेल कोच्ने र हत्या गर्नेसम्म अग्रसर भईआएको सुन्नमा आएको छ ।

यसै गरी परम्परागत धर्म संस्कृतिको आडमा पितृसत्ता र छुवाछुतको स्थिति मौलाउँदो छ । खासमा भन्नुपर्दा धार्मिक राज्य वा धर्मनिरपेक्षता प्रष्ट हुन नसकेको यस्तो राज्यले त्यही धर्मका सीमान्तकृत जनसमूदायलाई पनि उत्पीदन गर्न छोडेका छैनन् । आधुनिक राज्यको कर्तव्य भनेको प्रत्येक नागरिकको हकहित र अधिकारको सुरक्षा गर्नु हो । तर, नेपालको वर्तमान राज्य भने मध्ययुगीन अलोकतान्त्रीक राज्य जस्तै आफैं नागरिकहरूलाई दुःख दिन र असमान बनाउन उद्धत रहिआएका छन् ।

ती खस-आर्यहरू कति संकुचित छन् भन्ने कुरा यस संविधानमा खस-आर्यको मात्र पाँचौ पटकसम्म परिभाषा गरेको प्रष्ट देखिन्छ । तर, अन्य आदिवासी जनजातीहरू कसैको एक पटक पनि परिभाषा गरेको देखिन्न । संविधान निर्माण कर्ताहरूको यस प्रकारको निम्छरोपन अपनाई, देशका लागि भनी संविधान निर्माण गर्ने । तर खस-आर्य नेताहरू आफ्नै जाती बारे मात्र चिन्तित रहेको यस घटनाले सुस्पष्ट देखाउँछ । यसरी नै यिनीहरूले आफ्नै जातीको मातृभाषा (खसभाषा)लाई मात्र सरकारी कामकाजको भाषा बनाई आफ्नो निम्छरो पुरुषार्थ देखाउन पछिपरेका छैनन् ।

देश हाँक्न जुतेका नेतृत्व वर्गको दायित्व भनेको देशका नागरिकहरू बीच विभाजनको रेखा कोर्ने होइन । हो त नागरिकहरू बीच कहिं कतै बेमेल र एक आपस्टमा त्यस्तो असन्तोषका कुनै विषयवस्तु रहिआएको छ भने, त्यस्ता विषयवस्तुलाई आफ्नो राष्ट्रिय दायित्व वोधका साथ बुद्धिमतापूर्ण ... जिम्मेवारी तौर तरिका अपनाई निराकरण गरी गराई सबै नागरिकहरूलाई एकै सुत्रमा बाँधेर बाँकी ७ पेजमा

# यसरी तटमा नबस



● मित्रलाल पंज्ञानी ●

*संसार नदीको छाल उर्लिरहेको छ / काल जुर्मुराइरहेको छ / यसरी तटमा नबस, मझधारमा हेलिन आऊ / यहाँ गति छ / जीवन गतिमा छ / निर्धालाई कहिल्यै खान नदिने अति सञ्चयका शौखिन दुइटा खञ्चुवा भाले अधिक सञ्चयार्थ लडिरहेका छन भने, ठीक छ, तिमी तटमा बसेर रमिता हेर एकछिन / तर पनि धेरै बेर तटस्थ नहोऊ / त्यो युद्धलाई त्यस 'मै खाऊँ'वादी खञ्चुवा प्रवृत्तिको विनासमा लगेर टुंग्याउने गरी भूमिका खेल*

बाहिर अन्याय अत्याचार भइरहेको छ। बञ्चितिमा परेकाहरू न्यायका निमित्त प्राणको बाजी थापेर लडिरहेका छन। सत्ताको सुख सुविधा भोग गरेर अघाउनुको साटो भोगको भावनालाई झन झन अनियन्त्रित बनाउदै लगेका भोगान्ध सत्तासीनहरू भोगवैभव गुम्ने भयले उत्तेजित भई भोकाहरूमाथि निर्मम प्रहार गरिरहेका छन। जीवन मरणको मुद्दा नै मुख्य विषय बनेको यो बेला ए भिक्षु तिमीले केमा ध्यान गरिरहेका छौ ? के हो तिम्रो ध्यानको विषय ? मान्छेको जीवनको सबभन्दा सरोकारको विषयलाई बेवास्ता गरेर कता भौतारिँदै छौ ? बुद्ध त भीषण जोखिमहरू उठाएर न्याय बोल्दै हिँडेका थिए। उनले त न्यायका निम्ति बोल्न भनेका थिए। मुक्तिका निम्ति लड्न भनेका थिए।

'फूल बनेर संसारलाई असल नजरले हेर। काँडालाई काँडा नदेख। काँडासित प्रतिवाद नगर। पन्छाउन नखोज।' बुद्धले यस्तो कहिल्यै भन्दैनन। 'सम्यक दृष्टि' हुनुपर्छ' भने। काँडालाई फूल देख्ने दृष्टि साम्यक दृष्टि होइन, पागलदृष्टि हो। बुद्धले 'साम्यक कर्म' हुनुपर्छ भनेका छन। अघि बढ्ने बाटोमा तेर्सिएको काँडालाई नपन्छाउनेहरूको कर्म साम्यक कर्म होइन, सिल्ली कर्म हो। कविहरू कहिलेकाहीँ पागल पनि हुन्छन। बुद्ध कहिल्यै पागल हुँदैन। कहिलेकाही कविहरू बुद्ध पनि हुन्छन। बुद्धले भनेको अहिंसा निरपेक्ष होइन, सापेक्ष हो। 'आफ्नो प्राण रक्षाका निम्ति अन्य आधारहरू प्रशस्त छँदाछँदै प्राणी हत्या गरेर आहार बनाउने परिपाटीलाई प्राथमिकता नदेऊ' भनेको हो। विकल्परहित अवस्था आइपऱ्यो भने मांसाहार क्षम्य छ।

ध्यानले केही क्षण भोक टार्न सक्ला, भोक मेट्न सक्दैन। तिमीले जतिसुकै अर्ती देऊ भोकाको ध्यान खानातिरै जान्छ। त्यो ध्यानलाई अन्यत्र लैजान सक्दै सकिँदैन। ध्यानमा बसेर मुक्ति हुँदैन। मानौँ मुक्ति हुन्छ रे। तिमी मात्रै मुक्त भएर त यो संसार शान्त हुदैन। केही लाख मान्छे शान्त भएर पनि यो संसार मुक्त हुँदैन। करोड जना मुक्त भएर पनि यो संसार मुक्त हुँदैन। यो संसारमा सात सय करोड मान्छे छन। मेरो तात्पर्य उचित ध्यानसाधनाको अपमान होइन। आफूलाई खास विषयमा दत्तचित्त भई केन्द्रीकृत गर्नका लागि ध्यानसाधना मूल्यवान छ। ध्यानका निम्ति ध्यानको कुनै मूल्य छैन।

भर्खरै भगवानलाई भेटेर आएजसरी भागवत चरित्र वर्णन गरिरहेका ए पण्डित ! जीवनको नितान्त सरोकारको विषयलाई चर्चाबाट पन्छाएर के बर्बराइरहेका छौ तिमी ? मान्छे यहाँ अहिले भर्खरै भोकले मर्न आँटिसक्यो। कहाँको कहिलेको मोक्षको कुरा गरिरहेका छौ ? मृत देह मात्रै कामनारहित हुन सक्छ भन्ने कुरा तिमीले पुज्न पठाएका भगवान र सन्त महन्तहरूको चरित्रबाट पुष्टि भइसकेको छ। जेलाई तिमीले हाम्रो दुःख र दारिद्र्यको कारण बताइरहेका छौ त्यो शतप्रतिशत झूटो छ। त्यसमा गम्भीर षडयन्त्र र बेइमानी लुकेको छ।

फेरि जन्म लिन नपर्ने अवस्थालाई मोक्ष भनिरहेका छौ। एक त पूर्वजन्म र पुनर्जन्मको तर्क नै आधारहीन छ। ल एकछिनलाई तिम्रा कुरा मानिदिऊँ। यही पृथ्वीमा मान्छे भएर फेरि जन्मन पाइने भए त राम्रै हुन्थ्यो नि। किन चाहियो मोक्ष ? आफ्नो मानव चोलालाई धिक्कारिरहेका त छैनौ नि तिमी। मरिन्छ कि भन्ने भयले बेला बेलामा छ्याप्पै छोपिन्छौ। मौका पाएसम्मका सुख भोग पनि गरिरहेका छौ। अझ के के गरौँला भनेर मनभरि कामना बोकेर हिँडेका छौ। यही कामनाले तिमीलाई बाँच्ने प्रेरणा प्रदान गरिरहेको छ। अनि तिमी ढोङवश काम वासनाविनाको जीवनको गफ लडाउँछौँ। फेरि जन्म हुनु नपर्ने अवस्थालाई मोक्ष भन्दै छौँ। हुँदै नहुने कुरा।

सांसारिक विषयबाट पर रहने भन्ने तिम्रो सिद्धान्त नै गलत छ। बाह्य सांसारिक कारणहरूबाट अप्रभावित रहने भन्ने तिम्रो शिक्षा नै बेतुकको छ। बाहिरको जाडो र गर्मीबाट तिमी पनि अप्रभावित रहन सक्दैनौ। अरूलाई अर्ती दिएको मात्रै हौ। पैँतालिस डिग्री र शून्य डिग्री तापक्रममा समान वस्त्र लगाएर बस्न तिमी स्वयम असमर्थ छौ। आगोमा बसेर नतातिने र हिउँमा बसेर नचिसिने हुँदै हुँदैन। यी पनि केवल पुराण वा दन्त्य कथाका मिथक मात्रै हुन।

यो धर्म ठीक र त्यो धर्म बेठिक भन्ने कुरै होइन। अल्लाहले हजरत मोहम्मदलाई र परमेश्वरले ईसा मसीहलाई पृथ्वीमा पठाएका कथा र भगवान विष्णु आफै राम र कृष्णका रूपमा पृथ्वीमा आएका कथा सब मिथक हुन। यो संसारमा कुनै अल्लाह, परमेश्वर र भगवानका कृपाले झिँगा पनि मरेको छैन। यहाँ जे जति राम्रो भएको छ असल मान्छेहरूको प्रयत्नले र जेजति गडबडी भएको छ खराब मान्छेहरूको दुष्प्रयत्नले भएको छ। कुटिल शासकहरू र तिनका चारणहरूले असल मान्छेलाई जबर्जस्ती ईश्वरसित लगेर जोडिदिएका हुन।

जुनसुकै नामका तिम्रा धर्महरूले भौतिकवादलाई निषेध गर्छन। किनभने भौतिकवादले भौतिक जगत्का भौतिक कार्य कारण सम्बन्धहरूको खोजी गर्दछ। खोज्दै जाँदा वास्तविक ठग को हो भनी पत्ता नलाग्ने कुरै भएन। हामीलाई भाग्यले ठगेको हुँदै होइन। सामन्ती राज्य व्यवस्थाले ठगेको हो। पुँजीवादी राज्य व्यवस्थाले ठगेको हो। वर्तमान समाज वर्गहरूमा विभक्त छ। यहाँ शोषक वर्ग र शोषित वर्ग छन। शोषक वर्गले अर्थप्रणाली, न्याय प्रणाली, सुरक्षा प्रणालीमार्फत सवैतिर हैकम जमाएर बसेको छ र त्यही हैकमलाई कायम राख्न धर्मको प्रचारलाई महत्व दिएको छ।

आज विज्ञानले भौतिक सत्यलाई प्रमाणित गरेर देखाइसकेको छ। शरीरकै कुरा गरौँ। यो अनेक पदार्थहरूबाट निर्मित छ। तिनै पदार्थहरूको सन्तुलनमा जीवित छ। एउटा स्वस्थ्य मनुष्यमा हुनु पर्ने खास खास पदार्थहरूको अनुपात विज्ञानद्वारा प्रमाणित छ। भौतिक विज्ञान गणितमा आधारित छ। अङ्कको सहाराविना विज्ञानले एक पाइला पनि चाल्न सक्तैन। हामीले हाम्रो युगलाई डिजिटल युग भन्दछौँ। किनकि यो पूर्णत डिजिट -अङ्क) मा आधारित छ।

संसार नदीको छाल उर्लिरहेको छ। काल जुर्मुराइरहेको छ। यसरी तटमा नबस, मझधारमा हेलिन आऊ। यहाँ गति छ। जीवन गतिमा छ। निर्धालाई कहिल्यै खान नदिने अति सञ्चयका शौखिन दुइटा खञ्चुवा भाले अधिक सञ्चयार्थ लडिरहेका छन भने, ठीक छ, तिमी तटमा बसेर रमिता हेर एकछिन। तर पनि धेरै बेर तटस्थ नहोऊ। त्यो युद्धलाई त्यस 'मै खाऊँ'वादी खञ्चुवा प्रवृत्तिको विनासमा लगेर टुङ्ग्याउने गरी भूमिका खेल।

# राज्यसत्ता र मार्क्सवाद



● अशोक शर्मा ●

*सर्वहारा वर्गीय समाजवादी राज्य जहाँ, व्यक्तिगत स्वामित्वको व्यवहारिक रूपमै अन्त्य भएको हुन्छ र त्यसको ठाउँमा सामाजिक स्वामित्व कायम रहन्छ / उत्पादक शक्ति र उत्पादन प्रणाली दुबै श्रमिक वर्गको स्वामित्वमा हुन्छन / त्यहाँ उत्पादक शक्ति र उत्पादन संबन्ध संगको पुरानो प्रतिक्रियावादी राज्यसत्तामा जस्तो शत्रुतापूर्ण संबन्ध अन्त्य हुन्छ र त्यसको ठाउँ मैत्रीपूर्ण संबन्धले लिन्छ / यसरी विपरीत अवस्थामा रहेका दुई परस्पर ठुला अन्तरविरोधि वर्गको समाज विकास क्रममा भीषण वर्गसंघर्षद्वारा अन्त भई समाजवादी राज्य मार्फत समाजमा क्रमशः वर्गविहिन समाजमा शोषणरहित सामुहिक स्वामित्व सहितको राज्य व्यवस्था निर्माण हुन्छ। संघर्षको उपयुक्त प्रकारको राजनीतिक सीलसीलामा नै क्रमशः राज्यको अन्त्य भई समतामूलक साम्यवादी समाजको निर्माण हुन्छ*

***पृष्ठभूमि***

लेनिनको दृष्टिकोण अनुसार वर्गविभाजित समाजमा राज्यसत्ता, एउटा वर्गमाथि अर्को वर्गको अधिनायकत्व कायम राख्ने राजनीतिक यन्त्र वा साधन हो। आजको हाम्रो विश्व मानव समाज सामाजिक हिसावले अस्थित्वमा रहेका विद्यमान दुई परस्पर ठूला विरोधि वर्गहरूमा विभाजित तथा संघर्षले भरिपूर्ण छ। उदाहरणको लागि दास युगमा दाशमालिक(स्वामी प्रभु) र दास, सामन्तवादी युगमा जमिनदार र किसान तथा पुँजीवादी युगमा पुँजीपति वर्ग र सर्वहारा मजदुर वर्ग एक आपसमा संघर्षरत हुन्छन भने अन्य समुहहरू यीनै दुई परस्पर विरोधि वर्गहरूविच चल्ने संघर्षमा धुर्विकृत हुने गर्दछन। वर्गसंघर्षको निरन्तरता सम्वन्धि महान लेनिनको भनाईअनुसार यसप्रकारका परस्पर दुई ठूला विरोधि वर्गहरू मध्ये आर्थिक रूपमा कायम रहेको सत्तारुढ वर्ग, जस्ले सम्पूर्ण उत्पादनका स्रोत र साधनहरूमाथि एकलौटी अधिकार जमाउछ, त्यस वर्गले, जस्ले उसको विरोधि वर्ग, जो ऊ देखि निरन्तर उत्पीडित, अशुरक्षित र शोषित हुँदै आएको छ, हो उसैलाई दबाउनको लागि राज्यका शोषक वर्गहरूद्वारा राज्यसत्ताको प्रयोग गरिदै आयो। यस अर्थमा राज्यसत्ता लेनिनले भने झै दुनियाभरिका प्रतिक्रियावादी शक्तिहरूले आफ्नो लुटको स्वर्गलाई बचाइराख्नको निम्ति आफ्नो विरोधि वर्गलाई उत्पीडन र दमन गरिरहनको खडा गरेको उनीहरूको राजनीतिक साधन बाहेक अरु केही होइन।

आज हाम्रो वर्ग विभाजित समाजमा राज्यका सम्पूर्ण अंगहरू( सेना, प्रहरी, अदालत, नोकरशाही प्रशासन यन्त्र,गप्तचर विभाग, संसद, जेल तथा बन्दीगृहहरू) सबै सबै सत्तारुढ वर्गको अधिनायकत्वमा रहने गर्दछ। प्रतिक्रियावादी राज्यसत्तामा शोषक वर्गले यी सबै राज्यका शोषणकारी तथा दमनकारी अंगहरूको व्यापक प्रयोग गरि विशाल जनसमुदायको पंक्तिलाई मुठ्ठीभर प्रतिक्रियावादीहरूको नियन्त्रणमा राख्ने तथा उनीहरूलाई आफ्नो हित र स्वार्थको निमित्त प्रयोग गर्ने गर्दछन।

आज सम्मको मानव समाजको इतिहास हेर्दा राज्यसत्ताको मुलतः चार प्रकारका अवस्थाहरू रहदै आएका छन। आदिम साम्यवादी समाज,दास युग, सामन्तवादी समाज, पूँजीवादी समाज र साम्यवादी समाजको रूपमा वर्गीकृत छन।

***राज्यसत्ताको आदिम स्वरूप एक बिबेचना***

मानव समाजको इतिहासको क्रममा आदीम साम्यवादी समाज अस्थित्वमा थियो। तर त्यो सामाजिक अवस्थामा समाज परस्पर विरोधि वर्गमा विभाजित भइनसकेको कारण त्यहाँ सबै जनसमुदायहरू स्वयं स्वतन्त्र र शस्त्र अस्त्रले सुसज्जित हुने गर्दथे। उत्पादनका साधन र श्रोतहरूमाथि व्यक्तिगत स्वामित्व हुदैनथ्यो। जसका कारण त्यहाँ समाजमा छानिएका मानिसहरूद्वारा निस्चित सामाजिक अपनत्व कायम हुनेगर्दथ्यो।

आदिम साम्यवादी समाजमा सामाजिक कार्य सम्पादन गर्ने सीलसीलामा छानिएका मानिसहरूलाई निष्कासन गर्ने, पुनःस्थापन गर्ने सबै अधिकार समाज र जनसमुदायमा नीहित हुने गर्दथ्यो। समाज विकास प्रक्रिया संगसंगै आदिम साम्यवादी समाज विघटन हुने प्रक्रिया पनि क्रमिकरूपमा सुरु हुँदै जादा समाजमा क्रमशः व्यक्तिगत स्वामित्वका रूपहरू देखा पर्दै गए। जसको परिणामस्वरूप समाजमा वर्गहरू देखापर्न थाले। व्यक्तिगत स्वामित्वको विकाससंगै उत्पादक शक्तिको क्रमिक विकास प्रक्रियामा व्यक्तिहरूको अधिकारलाई ऐस आराम, सत्ता, सुविधा र त्यसको आवस्यकताको संरक्षणसंग जोड्ने अपरिहार्यता बढ्दै गयो। जुन क्रममा सुविधाभोगी र व्यक्तिगत स्वामित्वप्रतिको सत्ता र सुविधाका मालिकहरू स्वामिहरू भए भने उनीहरूवाट दमित, शोषित पीडित वर्ग उनीहरूका दाशमा रूपान्तरित भए र सनमजमा दाशप्रथा सुरु हुनपुग्यो।

यसप्रकारले समाज विकासको क्रममा राज्यसत्ता एक वा अर्को प्रकारले वर्गीय शोषणको प्रतिरूप भएर खडा भयो र परस्पर दुई ठुला विरोधि वर्गहरू अस्थित्वमा आए। यसरी राज्यको उत्पतिको कारण प्रथम, शोषक वर्गद्वारा शाषित वर्गहरू उत्पीडित हुन पुगे, द्वितीय, जसको कारण यी दुई विपरीत वर्ग एकपछि अर्को गर्दै शत्रुतापूर्ण वर्गमा रूपान्तरित हुँदै गए र तृतीय, यसप्रकारले यी दुई ठूला एक आपसका विरोधि वर्गहरू बिच भीषण वर्गसंघर्षको प्रादूर्भाव भयो।

अस्तित्वमा आएका राज्यका स्वरूपहरू मध्ये दास व्यवस्था, सामन्तवादी व्यवस्था, पूँजीवादी व्यवस्था मुठ्ठीभर शोषक वर्गले आफ्नो खुनी प्रतिक्रियावादी राज्यसत्ता बचाउने र लुटको स्वर्गलाई कायम राखिरहनको लागि प्रयोग हुँदै आएका राज्यसत्ताका दमनकारी साधनहरू हुन भने समाजवादी राज्यसत्ता भनेको बहुसंख्यक जनता तथा श्रमिकहरूको पक्षमा मुठ्ठीभर प्रतिक्रियावादीहरू विरुद्ध संचालन हुने सर्वहारा वर्गीय सत्ता हो। जुन अधिनायकत्वको प्रयोगवाट मानव समाज वर्गविहीन शोषणरहित समतामुलक साम्यवादी समाजमा प्रवेश गर्दछ। अक्टुवर क्रान्तिले स्थापित गरेको सोभियतसंघको समाजवादी सत्ता ढलेपछि र नयाँ जनवादी क्रान्तिले स्थापित गरेको चिनको जनवादी सत्ताभित्र प्रतिक्रान्ति भएपछि आज यसप्रकारको सत्ता संसारभरि कहिपनि छैन।

सर्वहारा वर्गीय समाजवादी राज्य जहाँ, व्यक्तिगत स्वामित्वको व्यवहारिक रूपमै अन्त्य भएको हुन्छ र त्यसको ठाउँमा सामाजिक स्वामित्व कायम रहन्छ। उत्पादक शक्ति र उत्पादन प्रणाली दुबै श्रमिक वर्गको स्वामित्वमा हुन्छन। त्यहाँ उत्पादक शक्ति र उत्पादन संबन्ध संगको पुरानो प्रतिक्रियावादी राज्यसत्तामा जस्तो शत्रुतापूर्ण संबन्ध अन्त्य हुन्छ र त्यसको ठाउँ मैत्रीपूर्ण संबन्धले लिन्छ।

यसरी विपरीत अवस्थामा रहेका दुई परस्पर ठुला अन्तरविरोधि वर्गको समाज विकास क्रममा भीषण वर्गसंघर्षद्वारा अन्त भई समाजवादी राज्य मार्फत समाजमा क्रमशः वर्गविहिन समाजमा शोषणरहित सामुहिक स्वामित्व सहितको राज्य व्यवस्था निर्माण हुन्छ। संघर्षको उपयुक्त प्रकारको राजनीतिक सीलसीलामा नै क्रमशः राज्यको अन्त्य भई समतामूलक साम्यवादी समाजको निर्माण हुन्छ।

सारतः आदिम साम्यवादी समाज एक वर्गविहिन, शोषणरहित र समतामूलक प्रणालिमा आधारित हुँदा हुँदै पनि न्यून मानव चेतनाको कारण उक्त समाजमा चुनिएका सदस्यहरूवाट यो व्यवस्थाको संरक्षण गर्न संभव थिएन। परिणामस्वरूप समाज विकाशको क्रममा यसप्रकारका सामाजिक संरचनाका आधारहरू भत्कदै गए र व्यक्तिगत स्वामित्वमा आधारित राज्यव्यवस्थाको समाजमा स्थापना हुन पुग्यो। तर सर्वहारा वर्गद्वारा संचालन गरिने राज्यसत्ताले चाहिँ सचेततापूर्वक नै मानव समाजलाई वर्गविनताको दिशा प्रधान गर्दछ र समाजमा राज्य र शोषणको औपचारिक हिसावले नै अन्त्य हुन्छ। यसको सुरुवात पुँजीवाद र त्यसको विकसित रूप साम्राज्यवादको जुवामुनि जोतिन वाध्य पारिएको मानव समाजलाई उन्मुक्ति दिएर समाजवादी राज्यव्यवस्थाको स्थापना मार्फत समतामूलक साम्यवादी समाजको दिशामा अगाडि बढ्नु हो। यो जिम्मेवारि पूरा गर्ने सामर्थ्य केवल सर्वहारावर्ग संग मात्रै हुन्छ।

# कमरेड चन्द्रा थानीको १३औं दिनको स्मृतिमा श्रद्धाञ्जली सभा सम्पन्न



● **अनु निरौला**

काठमाडौं । देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल, अखिल नेपाल जनसाँस्कृतिक महासंघ, अनेमसंघ (क्रान्तिकारी), इच्छुक साँस्कृतिक प्रतिष्ठान र नेकपा (क्रान्तिकारी माओवादी)को कर्णाली प्रदेशको संयुक्त आयोजनामा कमरेड चन्द्रा थानीको १३ औं दिनको स्मृतिको सन्दर्भमा श्रद्धाञ्जली सभा सम्पन्न गरिएको छ । देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका अध्यक्ष सीपी गजुरेलको प्रमुख आतिथ्यतामा सम्पन्न श्रद्धाञ्जलीसभा कार्यक्रममा आयोजकका तर्फबाट कमरेड थानीका जीवनसाथी पार्टी पीवीएम चक्रपाणी शर्मासहित शोकसन्तप्त परिवारजनलाई प्रमख अतिथि अध्यक्ष गजुरेलले समवेदना पत्र हस्तान्तरण गर्नुभएको थियो । पार्टी स्थायी समिति सदस्य तथा पश्चिम व्यूरो इन्चार्ज रामसिंह श्रीसको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रमको सुरुमा मौनधारणसहित कमरेड थानीको फोटोमा माल्यार्पण गरिएको थियो ।

कार्यक्रममा प्रमुख अतिथि अध्यक्ष गजुरेल, पार्टी स्थायी समिति सदस्य तथा प्रवक्ता हरिभक्त कँडेल, क.थानीका जीवनसाथी पार्टी पीवीएम चक्रपाणी शर्मा, जनसाँस्कृतिक महासंघ तथा इच्छुक साँस्कृतिक प्रतिष्ठानका अध्यक्ष हिरामणि दुःखी, अनेमसंघ (क्रान्तिकारी)की महासचिव शारदा महत लगायतले श्रद्धाञ्जली मन्तव्य राख्नुभएको थियो । उहाँहरूले क्रान्तिकारी कम्युनिस्ट आन्दोलन तथा प्रगतिवादी साहित्यिक आन्दोलनमा कमरेड थानीले पुऱ्याएको योगदान र उहाँको क्रान्तिकारी व्यक्तित्वको बारेमा चर्चा गर्नुभएको थियो । कमरेड थानीको असामयिक निधनले पार्टी आन्दोलन तथा प्रगतिवादी साहित्यिक आन्दोलनमा अपुरणीय क्षति पुगेको बताउनु भएको थियो । उहाँको जीवन र कर्मबाट क्रान्तिकारी कम्युनिस्ट क्रान्तिकारीहरूले सिक्नुपर्ने कुराहरूको बारेमा पनि चर्चा गर्नुभएको थियो । पार्टीका केस दिपकबहादुर शाहीले सञ्चालन गरेको कार्यक्रममा कमरेड थानीका छोरीहरू सुस्मिता शर्मा, स्मिता शर्मा, छोरा गेहेन्द्र शर्मा, ज्वाई टंक अर्याल लगायत परिवारजनको समेत उपस्थिति रहेको थियो । कार्यक्रममा पार्टीका पीवीएमहरू दिनेश शर्मा, सीताराम तामाङ, पवनमान श्रेष्ठ, सुरेश श्रेष्ठ लगायत पार्टी केस, जबस मोर्चाका नेता तथा कार्यकर्ताहरूको बाक्लो उपस्थिति रहेको थियो ।

त्यस्तै नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी)द्वारा कमरेड चन्द्रा थानीको १३औं दिनको स्मृतिमा श्रद्धाञ्जली सभा सम्पन्न गरेको छ । क्रान्तिकारी माओवादी कर्णाली प्रदेश सदस्य, अनमेसंघ (क्रान्तिकारी) की केन्द्रीय सहसचिव, इच्छुक साँस्कृतिक प्रतिष्ठानकी कार्यकारी सदस्य समेत रहेकी कमरेड थानीको

पार्टीका जिल्ला पार्टी सचिव श्याम कार्कीको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा प्रदेस सदस्य प्रेम थापा, अखिल नेपाल राष्ट्रिय शिक्षक संगठनका केस किरण आचार्य लगायत जिल्लाका नेताहरूले श्रद्धाञ्जली मन्तव्य राख्नु भएको थियो । जिल्ला कमिटिको यसअघिको बैठकले निर्णय गरे अनुसार शुक्रबार शोकसभा गरिएको सचिव कार्कीले बताए ।

# १२ वर्षे बालिका सम्झना कामीको बलात्कारपछि हत्या, दोषीलाई हदैसम्मको कारबाही गर्न चौतर्फी माग



बझाङ । बझाङको मस्टा गाउँपालिकाकी सम्झनाको बुधबार साँझ बलात्कारपछि हत्या भएको प्रहरीको प्रारम्भिक आशंका गरेको छ । आमाबाबु चार वर्षदेखि भारतको बेंग्लोरमा रहेकाले बाजे बज्यैसँग बस्दै आएकी सम्झना गोठमा गाईबस्तुलाई घाँस हाल्न गएको बेला बलात्कार गरी हत्या गरिएको हुन सक्ने प्रहरीले जनाएको छ ।

सिममाडौं मन्दिरभित्र लगेर उनको बलात्कारपछि हत्या गरिएको परिवारको दाबी छ । उनले बोकेको नाम्लो र डोको मन्दिरभन्दा करिब सय मिटर तलको खोंचमा फालिएको अवस्थामा भेटिएको उनका काका ईश्वर कामीले बताए । घटनास्थल पुगेका स्थानीयका अनुसार मन्दिरभित्र हत्यारासँग सम्झनाको निकै घम्साघम्सी परेको जस्तो देखिने र छटपटाउँदा भुइँ खुट्टाले खोस्रिएको अवस्थामा रहेको छ ।

घटनाको वास्तविकता तत्काल छानबिन गरी दोषीउपर कडा कारबाहीका लागि प्रहरीलाई दबाब दिन मस्टा गाउँपालिका खिकालावासी सदरमुकाम चैनपुर आएका छन् । यस घटनाको सामाजिक सञ्जालमा समेत व्यापक विरोध भइरहेको छ । विभिन्न अधिकारकर्मी संघसंस्था, राजनीतिक दल र तिनका भ्रातृ संगठनले अपराधीलाई कारबाही र पीडितलाई क्षतिपूर्तिको माग गर्दै विज्ञप्तिसमेत निकालेका छन् ।

घटनामा संलग्न भएको आशंकामा एकजनालाई नियन्त्रणमा लिएर प्रहरीले अनुसन्धान गरिरहेको छ । न्यून आर्थिक अवस्था भएका सम्झनाका बाजे गोरख कामीले बुढेसकालमा पनि आरनको काम गरेर गुजारा चलाउँदै आएका थिए । नातिनीको हत्याका दोषी पत्ता लगाएर कारबाही गर्न गोरख लगायत खिकलावासीहरू सदरमुकाम चैनपुर आएर अहिले हारगुहार गरिरहेका छन् ।

# अखिल(क्रान्तिकारी) केन्द्रीय कार्यालयको आयोजनामा केन्द्रीय समितिको प्रशिक्षण क्रार्यक्रम सम्पन्न

ललितपुर ।अखिल (क्रान्तिकारी) केन्द्रीय कार्यालयको आयोजनामा केन्द्रीय समितिका सदस्यहरूका लागि एक दिने प्रशिक्षण क्रार्यक्रम सम्पन्न गरेको छ । उक्त कार्यक्रम यही असोज ६ गते ,कुपोन्डोल ललितपुरमा सम्पनन गरिएको हो । प्रशिक्षण क्रार्यक्रममा नेकपा (क्रान्तिकारी माओवादी)का स्थायी समितिका सदस्य सीपी गजुरेलको विशेष उपस्थिति रहेको थियो ।

उहाँले वस्तुगत स्थिति क्रान्तिकारीहरूका लागि तयार रहेको अब आत्मगत स्थिति बलियो बनाएर क्रान्तिकारी शक्तिले भ्रष्ट सरकारको विकल्प अब व्यक्ति बदलेर होईन व्यवस्था बदलेर मात्र दिन सक्दछन भन्नुभयो । देशमा दुई तिहाईको शक्ति जनताका भोक,रोजगार समस्या समाधान



गर्नु भन्दा भ्रष्टाचार,तस्कर,माफिया,लुट कालाबजारीहरू फस्टाउने खेलमा अहिले सरकार रहेको छ भन्नु भयो । यी सवै राजनैतिक,सामाजिक समस्याहरूको समाधान एक मात्र विकल्प छ त्यो हो संघिय जन गणतन्त्र बताउनु भयो । यस्तै अखिल(क्रान्तिकारी)का अध्यक्ष हरिकृष्ण गजुरेलले वर्तमान समयमा कोभिड कै कारण देखाई देश व्यापि रूपमा स्कुल कलेजपनि बन्द गरिएका छन । विना विकल्प विधार्थीहरूको भविष्य अन्धकारमा डोर्याउने काममा सरकार तल्लिन छ, विधार्थीलाई अनलाई कक्षा भनी पैसा असुल्ने कम बन्ध गरिनु पर्छ भन्नू भयो । प्रशिक्षणमा संगठनका उपाध्यक्ष शीलु न्यौपाने,महासचिव पेशल दाहाल, सचिव सूर्य कार्र्कीको समेत उपस्थिति रहेको थियो ।

# नदी बस्तीमा पस्दा ५० घर बढी डुवानमा



बुटवल । निरन्तरको बर्षाका कारण रूपन्देहीका रोहिणी, तिनाउ र दानव नदी बस्तीमा पस्दा ५० बढी घर डुवानमा परेका छन् । घरहरू डुवानमा पर्दा ठूलो क्षति हुन पुगेको स्थानीय प्रहरीले जनाएको छ । बाढी बस्तीमा पस्दा अन्तपात, लत्ताकपडा, पशुपन्छी बगेका छन्। नदी किनारका घरहरू बगेका छन् भने अन्य स्थानमा डुबानमा परेका घरहरू पनि भत्किएका छन् ।

रोहिणी नदी सुकुम्बासी बस्तीमा पस्दा रोहिण गाउँपालिका-५, पिपरहवामा १८ घर डुबानमा परेका छन् । गोठहरू भत्किएका छन् भने खाद्यान्न, लत्ताकपडा, केही पशुचौपाया पनि बगेको स्थानीयले जनाएका छन् । यस्तै, पाक्ने बेलाको धानबालीमा पनि ठूलो क्षति हुन पुगेको छ । भीषण वर्षा हुँदा रोहिणीसहित, तिलोत्तमा, ओमसतिया, मर्चवार, मायादेवी, देवदह, लुम्बिनी सांस्कृतिक, बुटवल उपमहानगरपालिकाका बस्तीहरूमा क्षति पुगेको प्रहरीले जनाएको छ । बाढी पस्दा मर्चवार सडक नै अबरुद्ध भएको छ ।

तिलोत्तमा गणेशनगरमा सुखौरा खोलाको बहाव बढेर गणेशनगरका धनबहादुर सार्की, रघुवीर दमाई, मेन बहादुर रुचालको टिनले छाएको कच्ची घर बगाएको छ । तिलोत्तमा १० मा रहेको पूर्णबहादुर गुरुङको कुखुराको खोरमा बाढी पस्दा ४ हजार कुखुरा मरेका छन् । खोरमा काम गर्ने ५ जनालाई सशस्त्र प्रहरीले उद्धार गरेको छ ।

देवदह नगरपालिका १० रम्बादेवीटोलमा चरंगे खोलाको बाढीले खोलाछेउ रहेको राम श्रेष्ठको ३ कोठे ब्लक र जस्ताले बनाएको घर र २ वटा बाख्रा, ५-६ वटा कुखुरा, लत्ता कपडा, खाद्यान्न र अन्य सामान बगाएको छ । वर्षाका कारण सम्मरीमाई ५ देबन्डीको प्रभावती मल्लाहको घर भत्किँदा ५ जना घाइते भएका छन् । घाइतेको भैरहवास्थित भीम अस्पतालमा उपचार भइरहेको छ ।

सम्मरीमाई र मर्चवारी गाउँपालिकाको भरवलिया, देबन्डी, मन्झरिया, लोहाटोला, बरगर टोला लगायतका क्षेत्रका १५ भन्दा बढी घरमा बाढीले क्षति पुर्याएको छ । यस्तै, बुटवल उपमहानगरपालिका, १७ रानीगन्जमा तिनाउ नदीले उमेश हरिजन, र पुरुषोत्तम पुरीको घर बगाएको छ ।

यस्तै, नेपाल आयल निगमले इन्धन भण्डारणका लागि किनेको रोहिणी नदी छेउको जग्गा पनि पूर्णरूपमा डुबानमा परेको छ । बाढीका कारण धनमालको क्षति भएपनि मानवीय क्षति भने नभएको प्रहरीले जनाएको छ ।

## संयुक्त...

वक्तव्यमा उल्लेख गरिएको छ, 'नागरिक दैनिक अगाडि सत्याग्रहमा बस्नु भएका पत्रकारहरूप्रति ऐक्यबद्धता जनाउन आउनु भएका विभिन्न पत्रकार संगठनका अगुवा तथा विभिन्न सञ्चार गृहबाट पीडित पत्रकारहरूको सो भेलाद्वारा नेपाल पत्रकार महासंघका पूर्व सचिव तथा कारोबार दैनिकमा पीडित पत्रकार तथा कर्मचारीहरूको अगुवाइ गर्न गठित कारोबार पत्रकार तथा कर्मचारी संघका संयोजक धर्मेन्द्र कर्ण र सहसंयोजक विकास कार्की रहने गरी गठित 'सञ्चार गृहका पीडित पत्रकार/कर्मचारी संयुक्त संघर्ष समिति'ले नागरिक दैनिकको सत्याग्रही पत्रकारहरूले तथा अन्य विभिन्न प्रतिष्ठानमा पत्रकारहरूले उठाएका मागहरूलाई नेपाल पत्रकार महासंघले आफ्नो माग बनाउने भनी अध्यक्ष गोविन्द आचार्यले गर्नु भएको प्रतिबद्धतालाई स्वागत गरेको छ ।'

यसैगरी संयुक्त संघर्ष समितिले २०७७ असोज ४ गते आइतबार सर्वोच्च अदालतले श्रमजीवी पत्रकार ऐनअनुसार ठूला सञ्चार गृहले कल्याणकारी कोष खडा गर्ने सम्बन्धमा भएको प्रगति विवरण प्रत्येक दुई महिनामा बुझाउन सरकारका नाममा जारी गरेको निर्देशनात्मक आदेशको पनि स्वागत गरेको छ ।

वक्तव्यमा भनिएको छ, 'कोरोना महामारीका बेला सरकारले श्रमिकहरूलाई ननिकाल्न सार्वजनिक गर्दागर्दै विभिन्न सञ्चार गृहले श्रम ऐन तथा श्रमजीवी पत्रकार ऐन विपरीत पत्रकार /कर्मचारी कामदारलाई बेतलबीमा राख्ने, न्यूनतम पारिश्रमिक नदिने, अपमानपूर्ण तरिकाबाट कामबाट निकाल्ने, तलब घटाउने , पद घटुवा गर्ने , पूर्णकालीन स्थायी गर्नुपर्नेलाई अस्थायी गर्ने र अस्थायीलाई करारमा काम गर्न दबाब दिने, निकालिएकाहरूलाई कानुन अनुसार पाउनुपर्ने पारिश्रमिक लगायतका सेवा सुविधा नदिने कार्य भइआएको अवस्थाप्रति संयुक्त संघर्ष समिति दुःख व्यक्त गर्दछ ।'

बेथिति भएका ठाउँ थिति बसाउन, अन्याय र पीडितहरूलाई न्याय दिलाउन, राज्यबाट हुने कमीकमजोरीलाई सच्च्याउन सरकारलाई ध्यानाकर्षण गराउन, मानवअधिकार उल्लंघनबारे कलम, क्यामरा र कम्प्युटर स्क्रिनसहितको डिजिटल प्रविधिबाट आवाज बुलन्द गर्न पाउने पेशाकर्मी श्रमीजीवी पत्रकारहरूलाई ठूला भनिएका सञ्चार प्रतिष्ठानका व्यवस्थापकहरूद्वारा बलजफ्ती सडकमा बस्न बाध्य पारिएको भन्दै वक्तव्यमा भनिएको छ, 'निसन्देह कोरोनाको वैश्विक महामारीले विश्वभर अनिश्चितताको अवस्था सिर्जना गरेको छ । संकटका बेला शंका ,शोषण र दोहनको अविश्वास पैदा नगरी सहिष्णु सदभाव र एकताले यो समयलाई जित्नुपर्ने र श्रमजीवीहरूका सामाजिक सुरक्षाका लागि गरिएका संवैधानिक तथा कानुनी प्रावधानको पालना गराउनु र गर्नुपर्ने बेला पूर्वाग्रही दृष्टिकोणबाट प्रेरित भइ विभिन्न सञ्चार गृहबाट अपमानित गरी कामबाट निकाल्ने काम नैतिक र कानुनी दुबैरूपमा गलत भएको संघर्ष समितिको बुझाइ छ ।'

बन्दाबन्दीका कारण दश प्रतिशत पत्रकार बेरोजगार भएको, ९ प्रतिशतको तलब कटौती भएको र २० प्रतिशत पत्रकारले तलब पाउन नसकेको, एक तिहाइले चार महिनादेखि तलब पाउन नसकेको , कोरोना महामारी तथा बन्दाबन्दीले पारेको असरका कारण दुईतिहाई पत्रकारलाई आफ्नो दैनिक घरखर्च चलाउनमा समस्या परेको वक्तव्यमा उल्लेख छ ।

वक्तव्यमा भनिएको छ, 'श्रमजीवी पत्रकार ऐनको अढाइ दशक भइरहँदा नेपालमा युगीन परिवर्तन भइसकेको छ । पत्रकारहरूको समाचारबाट सरकार सुध्रिनुपर्ने, मन्त्री बर्खास्त हुनुपर्ने, सरकार ढल्नुपर्ने तर ती श्रमजीवी पत्रकारको समाजिक सुरक्षा र पेशा ऐन कानुन र नियम विपरीत सञ्चार गृहबाट खोसिदा सडकमा बसेर अरण्य रोदन कहिलेसम्म गर्ने ? यो समस्याको समाधान मात्र कानुनी प्रक्रियाबाट हुन नसक्ने बोध नेपाली सञ्चार माध्यमका सरोकारबालाले बुझ्नु पर्ने हो ।'

नागरिक, अन्नपुर्ण पोस्ट, कान्तिपुर मिडिया ग्रूप , कारोबार दैनिक, माउन्टेन टीभी, एभिन्यूज टीभी र नेपाल आज अनलाइनमा कार्यरत पत्रकार र कर्मचारी सम्मिलित गठित संयुक्त संघर्ष समितिले सञ्चारगृहका बदनियतपूर्ण व्यवहारबारे राज्यका प्रमुख सरोकारबाला निकायका प्रमुखहरू र आम जनसमुदायलाई विभिन्न माध्यम प्रयोग गरी जानकारी दिने , विभिन्न राजनीतिक दलका ट्रेडयुनियनसँगको समन्वय तथा सहयोग प्राप्त गर्ने ,सडक प्रदर्शन, रिले अनसन र आवश्यक भए आमरण अनसनका कार्यक्रम सार्वजनिक गर्ने निर्णय गरेको वक्तव्यमा उल्लेख छ ।

पीडित पत्रकारहरूको संयुक्त संघर्ष समितिको आन्दोलनप्रति क्रान्तिकारी पत्रकार महासंघ लगायत सञ्चार सम्बद्ध संघ संगठनहरूले ऐक्यबद्धता जाहेर गरेका छन् ।

# वर्तमान अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनका सन्दर्भमा



● हस्तबहादुर केसी ●

*यसरी नेपाली क्रान्ति तथा विश्व क्रान्तिका सामु संसदवादमा गिर्न पुगेको दक्षिणपन्थी संशोधनवाद प्रमुख बाधकको रूपमा खडा हुन पुगेको छ / यसलाई समाप्त पार्न मूलतः विश्व सर्वहारा वर्ग र सम्बन्धित देशका क्रान्तिकारी कम्युनिष्ट पार्टीहरू , विशेष गरी मालेमावादलाई पथप्रदर्शक सिध्दान्त अवलम्बन गर्दै आएका माओवादी क्रान्तिकारी कम्युनिष्ट पार्टीहरूले आफ्नो देशको ठोस परिस्थितिको ठोस विश्लेषण गर्दै मालेमावादसम्मत ढंगले क्रान्तिलाई अगाडि बढाउने र विजयको शिखरमा पुर्याउने दायित्व विश्वभरका क्रान्तिकारी माओवादी पार्टीहरूको काँधमा आइपुगेको छ*

अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनको इतिहास ज्यादै लामो र समृद्धशाली छ। सन १८४६ मा स्थापना गरिएको कम्युनिष्ट लिगको स्थापनासंगै अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनको इतिहास शुरु भएको हो ।

सन् १८४७ को नोभेम्बरमा जेनेभामा आयोजना गरिएको कम्युनिष्ट लिगको दोस्रो कंग्रेसले कार्ल मार्क्स (१८१८-१८८३) र फ्रेडरिक एंगेल्स (१८२०-१८९५)लाई कम्युनिष्ट घोषणापत्रको मस्यौदा तयार पार्ने जिम्मा सुम्प्यो ।

सन् १८४८ फेब्रुअरी २१ का दिन कार्ल मार्क्स र फ्रेडरिक एंगेल्सद्वारा लण्डनबाट कम्युनिष्ट घोषणापत्र जारी गर्नु भयो। त्यही विश्व विख्यात कम्युनिष्ट घोषणापत्र नै विश्व सर्वहारा वर्गको मुक्तिको सिध्दान्त र पथप्रदर्शक सिध्दान्त बन्यो। अर्थात मार्क्स-एंगेल्सद्वारा मार्क्सवादको प्रतिपादन पश्चात विश्व सर्वहारा वर्गले आफ्नो मुक्तिको सैधान्तिक हतियार प्राप्त गयौ।

मार्क्सको दर्शन द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवाद हो। यसको सिध्दान्त भौतिकवाद हो। तसर्थ यस दर्शनको सिध्दान्त भौतिकवाद हो भने द्वन्द्ववाद यस दर्शनको पध्दति हो । यो नै विश्व सर्वहारा वर्गको विश्वदृष्टिकोण हो

आज मार्क्सवादको विकासको चरणमा पहिलो मार्क्सको विकासको चरणमा विकास भएको छ। मार्क्सवादको विकासको दोस्रो चरण लेनिनवादको गुणात्मक रूपमा विकास भएको छ। मार्क्सवाद-लेनिनवादको गुणात्मक विकासको तेस्रो र नयाँ चरणमा माओवादको विकास भएको छ। आज यसरी मार्क्सवाद-लेनिनवाद-माओवाद विश्व सर्वहारा वर्गको मुक्तिको सिध्दान्त बन्न पुगेको छ।

यसै सिलसिलामा अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनको इतिहासको चर्चा गरिरहदा सही कुरा के हो भने सन १८५२ मा मार्क्सले कम्युनिष्ट लिगको विघटन गर्नु भयो । र , सन १८६४ मा आफ्नै नेतृत्वमा कम्युनिष्ट अन्तर्राष्ट्रियको गठन गरेर सञ्चालन गर्नु भयो। त्यस पहिलो कम्युनिष्ट अन्तर्राष्ट्रियलाई चरम अवसरवादी तथा अराजकतावादीहरूले कब्जा गर्न थालेपछि मार्क्स स्वयंले सन १८७२ पहिलो कम्युनिष्ट अन्तर्राष्ट्रियको पनि विघटन गर्नु भयो।

सन् १८८३ मार्च १४ का दिन मार्क्सको निधन भयो। मार्क्सको निधनले विश्व कम्युनिष्ट आन्दोलनमा अपुरणीय क्षति हुन पुग्यो। सन १८८९ मा फ्रेडरि एंगल्सले आफ्नै नेतृत्वमा दोस्रो दोस्रो कम्युनिष्ट अन्तर्राष्ट्रियको गठन गर्नु भयो।

सन् १८९५ अगष्ट ६ का दिन फ्रेडरिक एंगेल्सको निधन भयो। एंगेल्सको निधनले अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनमा अपुरणीय क्षति पुग्न गयो। त्यस पछि दोस्रो अन्तर्राष्ट्रियको जिम्मेवारी लेनिनको काँधमा आयो।

सन् १९१४ मा लेनिनले दोस्रो कम्युनिष्ट अन्तर्राष्ट्रियको पनि विघटन गर्नु भयो। सन् १९१७ अक्टोबर २५ का दिन लेनिनकै नेतृत्वमा महान रुसी अक्टोबर समाजवादी क्रान्ति सम्पन्न भयो। महान रुसी अक्टोबर समाजवादी क्रान्ति एक ऐतिहासिक परिघटना थियो। त्यसले विश्व मानव समाजमा नयाँ युगको सूत्रपात गर्यो। अक्टोबर क्रान्तिको प्रभाव विश्वभरी पर्न गयो। त्यस पछि विश्वका विभिन्न मुलुकहरूमा एक पछि अर्को गर्दै दर्जनौ कम्युनिष्ट पार्टीहरू निर्माण हुन पुगे।

यसै सिलसिलामा कमरेड माओत्सेतुङको नेतृत्वमा सन १९४९ अक्टोबर १ दिन महान चिनीया नयाँ जनवादी क्रान्ति सम्पन्न भयो। त्यो भन्दा पहिले नै उत्तर कोरिया र भियतनाममा जनवादी एवं समाजवादी क्रान्तिहरू सम्पन्न भइसकेका थिए।

पूर्वीयुरोपका २० औ राष्ट्रहरूमा सोभियत मोडलको समाजवाद लागु गरिएको थियो। र , सन् १९५९ मा क्युवाली क्रान्ति पनि सम्पन्न भएको थियो। यसरी विश्व भूगोलको ठूलो भू-भाग र जनसंख्याको बहुमत संख्या समाजवादको छातामुनी गोलबन्द हुन पुगेका थिए। सन १९१९ मा लेनिनले आफ्नै नेतृत्वमा तेस्रो कम्युनिष्ट अन्तर्राष्ट्रियको गठन गरेर परिचालन गर्नु भयो। सन १९२४ जनवरी २३ का दिन लेनिनको पनि पनि निधन भयो । लेनिनको निधनल ेअन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनमा अपुरणीय क्षति हुन पुग्यो। त्यस पछि कम्युनिष्ट अन्तर्राष्ट्रिय र सोभियत समाजवादलाइ अगाडि बढाउने जिम्मेवारी स्तालिनको काँधमा आयो।

तेस्रो कम्युनिष्ट अन्तर्राष्ट्रियलाई पनि सन १९४३ डिसेम्बर १० का दिन स्तालिनले विघटन गर्नु भयो। र , आफ्नै नेतृत्वमा कोमिनटर्नको गठन गर्नु भयो। यस विषयमा चीनले कुनै चासो लिएन। त्यस पछि त्यो अगाडि बढ्न सकेन। सन १९५३ मार्च का दिन स्तालिनको पनि निधन भयो । स्तालिनको निधनले पनि अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनमा अपुरणीय क्षति पुग्न गयो। स्तालिनको निधन पश्चात अर्थात सन १९५६ मा निकेतन ख्रुश्चोवद्धारा रुसी कम्युनिष्ट पार्टी (बाल्सेविक) भित्र प्रतिक्रान्ति गराइयो।

सन् १९५६ मार्च २४-२६ मा रुसी कम्युनिष्ट पार्टी (बोल्सेविक)को २० औ महाधिवेशनमा खुश्चोवले सम्पूर्ण जनताको पार्टी ,सम्पूर्ण जनताको राज्य र शान्तिपूर्ण संक्रमणको सिध्दान्त अवलम्बन गर्दै तथा वर्गसंघर्ष , सर्वहारा वर्गको अधिनायकत्व सशस्त्र संघर्षका विरुद्ध भीषण हमला बाल्दै रुसमा पुँजीवादको स्थापना गर्यो। यस परिघटनाले अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलन भित्र र विश्व समाजवादी शिविरमा गंभीर प्रकारको असर पर्यो। कमरेड माओत्सेतुङले ख्रुश्चोवी संशोधनवाद अर्थात आधुनिक संशोधनवादको खुलेर विरोध जनाउनु भयो र अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलन भित्र भीषण दुई लाइन संघर्ष चलाउनु भयो।

यता चीनमा पनि सन १९५६ मा आयोजना गरिएको चिनीया कम्युनिष्ट पार्टीको ८ औ महाधिवेशनमा ल्यू शाओ चि र दङ शायो पिङले विरालाो कालो र सेतो हुनुले फरक पार्दैन , विरालोको मुख्य काम मुसा मार्नु हो भन्दै पुँजीवादी कार्यदिशा पेस गरेर पुँजीवादको पुनःस्थापन गर्ने कार्य भयो।

कमरेड माओत्सेतसङले प्रतिक्रान्तिप्रति भीषण वैचारिक संघर्ष सञ्चालन गर्दै हेड क्वाटरमाथि बमबारी गर भन्ने उर्दी जारी गर्नु भयो। र पार्टी र सरकारको माथिल्लो तहमा घुस्न सफल भएका संशोधनवादीहरूलाई परास्त गर्न सन १९६६ देखि १९७६ सम्म दश वर्षे ॒ महान सर्वहारा साँस्कृतिक क्रान्ति ॒ सञ्चालन गरेर सर्वहारा वर्गको अधिनायकत्व स्थापनागर्न जीवन प्रयान्त संघर्ष जारी राख्नु भयो।

सन् १९७६ सेप्टेम्बर ९ का दिन कमरेड माओत्सेतुङको पनि निधन भयो । कमरेड माओको निधनले पनि अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनमा अपुरणीय क्षति पुग्न गयो । कमरेड माओको निधन भएको ठिक एक महिना पछि चीनमा प्रतिक्रान्ति भयो। र पुनः पुँजीवादको पुनःस्थापना भयो। र प्रतिक्रान्तिकारी तेङ तथाकथित गुटले ग्याङ अफ फोरका चार जना नेताहरूलाई गिरफ्तार गरेर आजीवन जेलमा सढाएर पुँजीवादको पुनःस्थापना गर्यो।

यसरी रुस र चीनमा प्रतिक्रान्ति भए पछि अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनभित्र र विश्व समाजवादी शिविरभित्र अबश्यै पनि गंभीर प्रकारको धक्का लाग्यो। र , अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलन रक्षात्मक स्थितिमा पुग्यो। अझैसम्म यो अवस्था कायमै छ।

सन् १९८० विश्वभरका क्रान्तिकारीहरूको भेलाको आयोजना गरियो। सन १९८४ मा क्रान्तिकारी कम्युनिष्टहरूको अन्तर्राष्ट्रियका रूपमा क्रान्तिकारी अन्तर्राष्ट्रिय आन्दोलन ( रिम) को स्थापना भयो।



सन् १९८८ मा कमरेड गोञ्जालोले नेतृत्व गरेको पेरुभियाली कम्युनिष्ट पार्टी ( साइनिङपाथ) ले कमरेड माओका योगदानहरूलाई माओवाद मान्नुपर्ने भन्दै माओवादको पदावली प्रयोग गर्यो र त्यस पछि क्रान्तिकारी अन्तर्राष्ट्रिय आन्दोलन (रिम)मा आबद्ध विश्वभरका क्रान्तिकारी कम्युनिष्ट पार्टीहरूले कमरेड माओका योगदानहरूलाई संश्लेषण गरिएको माओवादलाई अंगिकार गर्ने र पार्टीको पथप्रदर्शक सिध्दान्त मार्क्सवाद-लेनिनवाद-माओवाद हुने कुरालाई आत्मसात गरियो र पार्टीको नामको अगाडि कोष्टभित्र माओवादी लेख्न थालियो।

पेरुमा कमरेड गोञ्जालोको नेतृत्वमा पेरुभियाली कम्युनिष्ट पार्टी (साइनिङपाथ)ले सशस्त्र जनयुद्ध सञ्चालन गरिरहेको थियो।

तीनवटा मुख्य शहर रहेको पेरुमा माओवादीहरूले राजधानी रहेको लिमा शहर कब्जा गर्ने अवस्थामा पुगेकै बेला, सन १९९२ मा साइनिङपाथका अध्यक्ष कमरेड गोञ्जालो अमेरिकी पिठ्युँ फुजिमोरी सरकारको गिरफ्तारीमा पर्नु भयो र उहाँलाई सैनिक जेलमा राखियो। त्यस पछि दोस्रो र तेस्रो तहका नेताहरू पनि गिरफ्तारीमा पर्नु भयो र भीषण दमन चलायो। त्यस पेरुभियाली माओवादीहरूले सञ्चालन गरेको सशस्त्र जनयुद्धले सेटब्याक खायो।

सन १०९१ मा सोभियत मोडलको समाजवादलाई विधिवत रूपमा विघटन गरियो। त्यस पछ अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनभित्र निरासा छाइरहेको बेला यता नेपालमा नेपाल कम्युनिष्ट पार्टी (माओवादी)को पहलमा २०५१ साल (सन १९९६ ) फाल्गुन १ गतेदेखि सशस्त्र जनयुद्धको शुरुवात भयो।

दश वर्षसम्म सञ्चालन गरिएको सशस्त्र जनयुद्धको प्रक्रियामा आधार इलाकाहरू निर्माण गरिए। स्थानीय जनसत्ताहरू , जनअदालतहरू , जनकम्युनहरू र जनसरकारहरू निर्माण हुदै गए। सात सात वटा जनमुक्ति सेनाका डिभिजनसम्म बन्न पुगे।

राजनीतिक शक्ति सन्तुलन हुदै प्रत्याक्रमणको चरणमा पुगिसकेको बेला जनयुद्धको नेतृत्व गर्दै आएका प्रचण्ड-बावुराममा व्यापक रूपमा वैचारिक विचलन पैदा भए पश्चात उनीहरूले साम्राज्यवाद र विस्तारवादका सामु लम्पसार परेर आत्मसमर्पण गरेर प्रतिक्रियावादमा पतन हुन पुगे पछि दश वर्षे जनयुद्धले सेटब्याक खान पुगेको छ। तर माओवादी आन्दोलनभित्रका क्रान्तिकारीहरूले २०६९ असार २८५ को बौद्ध राष्ट्रिय भेलाबाट विद्रोह गरी नेपाल कम्युनिष्ट पार्टी-माओवादी पुनर्गठन गरेर अहिले नेकपा ( क्रान्तिकारी माओवादी ) सम्म पुगेर सशस्त्र जनविद्रोह मार्फत नयाँ जनवादी क्रान्ति सम्पन्न गरी वैज्ञानिक समाजवाद हुदै साम्यवादमा पुग्ने लक्ष्यका साथ क्रान्तिको तयारी गरिरहेको छ।

विप्लव नेतृत्वको नेकपा लगायत अन्य क्रान्तिकारी कम्युनिष्ट पार्टीहरूले क्रान्तिको कामलाई अगाडि बढाइरहेको छ। आज विश्व क्रान्तिका निम्ति वस्तुगत अवस्था परिपक्व बन्दै गएको भए पनि आत्मसात शक्ति कम्जोर छ। यति हुदाहुदै पनि भारतमा भारतीय कम्युनिष्ट पार्टी (माओवादी) पहलमा सशस्त्र जनयुद्ध सञ्चालन भइरहेको छ। भारतको ठूलो भूभागमा माओवादी जनयुद्धले प्रभाव फैलाइसकेको छ।

टर्कीको माओवादी क्रान्तिकारी कम्युनिष्ट पार्टीले सशस्त्र जनयुद्धको तयारी गरिरहेको अवस्था छ भने फिलिपिन्सको माओवादी क्रान्तिकारी कम्युनिष्ट पार्टीले जनमुक्ति सेनाको निर्माण गरेर सशस्त्र जनयुद्धको पहल गर्ने तयारी गरिरहेको अवस्थामा छ। साथै पाकिस्तान , बंगलादेश , अफगानिस्तानका माओवादीहरू सशस्त्र जनयुद्धको तयारी गरिरहेको अवस्थामा छन। यस अतिरिक्त फ्रान्स , इटली , जर्मनी , नेदरल्यान्ड , बेलजियम , ब्राजिल , भेनेजुयला , अमेरिका , इजरायल , चिलीका माओवादीहरू सशस्त्र संघर्षका पक्षमा रहेका छन। पेरुभियाली कम्युनिष्ट पार्टी (साइनिङपाथ)का अध्यक्ष कमरेड गोञ्जालो सन १९९२ साल देखि २८ वर्ष यता पेरुको सैनिक जेलमा नजरबन्द हुनुहुन्छ।

पेरुमा माओवादी जनयुद्धले सेडब्याक मात्र खाएको अवस्था हो। नेतृत्वले आत्मसमर्पण गरेको , क्रान्ति प्रति गध्दारी वा अन्य कारणले त्यहाँको माओवादी जनयुद्ध समाप्त भएको होइन। माथि पनि चर्चा गरिएको छ कि कमरेड गोञ्जालो लगायत पहिलो , दोस्रो र तेस्रो तहसम्मका नेताहरू गिरफ्तारीमा जेल परे पछि जनयुद्धले सेडब्याक खाएको हो । बाताबरण बनाउदै गरेर त्यहाँ पनि पुनः सशस्त्र जनयुद्ध सञ्चालन गर्ने तयारी गरिरको अवस्था छ। आज संसारभर क्रान्तिकारी कम्युनिष्ट पार्टीहरूका लागि वस्तुगत अवस्था ठिक हुदाहुदै पनि आत्मगत अवस्था कम्जोर भएकै कारण क्रान्ति सम्पन्न गर्नलाई गंभीर प्रकारका जटिलताहरू छन। यसका बावजुद आज साम्राज्यवादमा गरिरसकेको पुँजीवाद हरक्षेत्रमा संकटग्रस्त बन्दै गरेकोले विश्व सर्वहारा वर्गका सामु महान अवसर र गंभीर चुनौतीका बिचबाट विश्व क्रान्तिलाई अगाडि बढाउनु पर्ने दायित्व थपिएको अवस्था छ।

सन् १९८४ मा गठन भएर सञ्चालनमा आइरहेको क्रान्तिकारी अन्तर्राष्ट्रिय आन्दोलन(रिम) को विघटन भइसकेको छ। आज पुनः कम्युनिष्ट अन्तर्राष्ट्रियको आवश्यकता र महत्त्व बढिरहेको छ। मार्क्सवाद-लेनिनवाद-माओवादलाई पथप्रदर्शक सिध्दान्त मान्दै आएका माओवादी पार्टीहरूबाट कम्युनिष्ट अन्तर्राष्ट्रिय निर्माण र परिचालनको आवश्यकता महसुस गरिरहेको अवस्था छ।

यसै महत्वलाई मध्यनजरमा राखेर नेपाल कम्युनिष्ट पार्टी (क्रान्तिकारी माओवादी ) कम्युनिष्ट अन्तर्राष्ट्रियको निर्माण गर्न पहल गर्ने निर्णय गरेर यसको निर्माणको आवश्यकता र महत्त्वका बारेमा बहस चलाउदै निर्माणका निम्ति पहल गर्ने योजना अगाडि बढाइरहेको अवस्था छ। यस पहलले विश्वभरका क्रान्तिकारी माओवादीहरूलाई उत्साहित तुल्याउनु स्वाभाविकै हो।

आज प्रतिक्रान्ति भएको भए पनि चीन , भियतनाम लगायतका देशहरूमा कम्युनिष्ट पार्टीकै नेतृत्वमा सम्बन्धित देशको विशेष्थतामा समाजवादी शासन प्रणाली चलाइरहेको बताइएको छ भने उत्तर कोरिया , क्युवामा पनि समाजवादी व्यवस्था सञ्चालन भइरहेको भन्ने रहेको छ।

अर्कोतिर नेपाल , ब्राजिल , भेनेजुयला जस्ता देशहरू पार्टीको नाम कम्युनिष्ट पार्टी राख्दै आएको भए पनि संसदवादमा पतन भएर पुरै साम्राज्यवादमा गिरिसकेको पुँजीवादी संसदीय व्यवस्थालाई स्वीकार गर्दै संसदीय पुँजीवादी व्यवस्थामा पतन भइसकेका छन। तर उनीहरूले कम्युनिष्ट पार्टीको लोगोलाई ट्रेडमार्कको रूपमा प्रयोग गरेर जनताका बिचमा भ्रमको खेती गरेर क्रान्ति प्रति गध्दारी गरेर जनतालाई झुक्याउने कार्य गरिरहेका छन। उदाहरणका रूपमा नेपालको सत्ताधारी नेकपाले संसदीय निर्वाचनबाट दुई तिहाईको बहुमतको कम्युनिष्ट सरकार निर्मँण गरेको नाटक गरेर नेपाली जनतालाई भूलभुलैयामा पारिरहेको छ ।

यसरी आज अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलन एकातिर बहुलवादी संसदवादी दक्षिणपन्थी संशोधनवादी धारा र क्रान्तिकारी माओवादी धारा गरी दुई विपरीत धारामा खडा हुन पुगेको छ। आज यसरी नेपाली क्रान्ति तथा विश्व क्रान्तिका सामु संसदवादमा गिर्न पुगेको दक्षिणपन्थी संशोधनवाद प्रमुख बाधकको रूपमा खडा हुन पुगेको छ। यसलाई समाप्त पार्न मूलतः विश्व सर्वहारा वर्ग र सम्बन्धित देशका क्रान्तिकारी कम्युनिष्ट पार्टीहरू , विशेष गरी मालेमावादलाई पथप्रदर्शक सिध्दान्त अवलम्बन गर्दै आएका माओवादी क्रान्तिकारी कम्युनिष्ट पार्टीहरूले आफ्नो देशको ठोस परिस्थितिको ठोस विश्लेषण गर्दै मालेमावादसम्मत ढंगले क्रान्तिलाई अगाडि बढाउने र विजयको शिखरमा पुर्याउने दायित्व विश्वभरका क्रान्तिकारी माओवादी पार्टीहरूको काँधमा आईपुगेको छ।

कोभिड १९ द्वारा सिर्जित मानवीय समस्याहरूले गर्दा पनि अब विश्वभरका क्रान्तिकारी माओवादी कम्युनिष्ट पार्टीहरू र सिंगो विश्व सर्वहारा वर्गले नयाँ आधारमा सोच्ने , चिन्तन मनन गर्ने , क्रान्तिकारीपनामा मात्र रुमलिए र नबसेर नयाँ रणनीतिक कार्य दिशाहरू अप गर्दै क्रान्तिको कामलाई अगाडि बढाउनुको विकल्प छैन। *मितिः२७ सेप्टेम्बर २०२०*

*(लेखक, अन्तर्राष्ट्रिय लेखक तथा पत्रकार केन्द्रका अध्यक्ष हुन ।)*

# असोज सातलाई सम्झँदा



● ईश्वरीप्रसाद गैरे ●

२०५९ असोज सात गतेको रात । रातभरी असौजे झरी परिरहेको छ। स्वाँरा गाउँको चारैतिरको पाहाडी टाकुरामा सेताम्य कुहिरो लागेको छ। नजिकैको वस्तु पनि ठम्याउन नसकिने गरी बाक्लो कुहिरो लागेको छ। बिहानको नित्यकर्मपछि खाना पकाएर खाएर स्कूलका लागि नौ बजे हिँडियो । हिलाम्य बाटो भएकोले विस्तारै विस्तारै हिँडेर हिलो छिचोल्दै दस बज्नु अगावै स्कूलमा पुगियो । स्टाफसँग केही क्षणको भलाकुसारीपछि दसबजेको घण्टीसँगै हाम्रो नियमित कार्य सुरु भयो । आज हाम्रो प्रअ सुर्खेत जानु भएकोले निप्रअको जिम्मेवारी सम्हाल्न पत्र पनि प्राप्त भएको छ। दिनभर हामी (म, टीका सर र नन्दलाल) आआफ्नै रुटिन अनुसार कक्षा सञ्चालन गर्दै गयौँ । दिउँसो सवाएक बजे विद्यार्थी भाइबहिनीहरूका लागि दिवा खाजा तयार भएको थियो । नन्दलालले सबै वालवालिकालाई लाइन लगाई खाजा खुवाउँदै हुनुहुन्थ्यो ।

रातभरको झरीको कारणले गाउँको चारैतिरको पाहाडमा कहिले घाम लाग्ने त कहिले बादल लाग्ने र कहिले प्रचण्ड गर्मी भइरहेको थियो । झण्डै साढेएक बजे माथिल्लो पाहाडको टुप्पाबाट लामो लस्कर सहितको टाटेपाटे ड्रेसमा केही मानिसहरू ओह्रालो झर्दै गरेको देखियो । त्यो झुण्ड अरू कोही नभएर तात्कालिन साहीसेनाको रहेछ। उक्त झुण्ड केही क्षणमै स्कूलमा झर्‍यो र स्कूललाई चारैतिरबाट घेरा हाल्यो । खाजा खाइरहेका विद्यार्थी र हामीहरू सबै आतङ्कित भयौँ । एक जना सेनाले मलाई सोधपुछ गर्दै 'लिटो पकाउने तिम्रो स्कूलको नन्दलाल डाँगी को हो ?' भनी प्रश्न गर्‍यो । मैले उत्तर दिनुभन्दा पहिले नै म हुँ नन्दलाल भनी उहाँले जवाफ दिनु भयो । यति भनेपछि साहीसेनाले 'ल हामीसँग हिँड्' भन्दै उहाँलाई गिरफ्तार गर्‍यो । दुई बजेपछि स्कूलमा घण्टी लगाइयो । सबै आतङ्कित थियौँ । पढ्ने र पढाउने मन कसैलाई पनि लागको थिएन ।

समय वित्दै गयो। पौनेतीन बजेको समय थियो । माथी डाँडाको जङ्गलमा ड्याम्म ड्याम्म ड्याम्म तीन पटक गोली चलेको आवाज सुन्यौँ । त्यो आवाजले हामी शिक्षक, विद्यार्थी र स्कूलसँगै जोडिएका गाउँका मानिसहरू पनि त्रसित भयौँ । हामीले सोच्यौँ आज जङ्गलमा घाँस दाउरा काट्न गएका कोही निर्दोश नागरिकको शिकार गर्दै आततायी सेनाहरूले अट्टहास गरे । त्यसको झण्डै एक घण्टापछि फेरी त्यो आततायीको जत्थाले स्कूल घेर्‍यो अनि मलाई र टीकाराम ज्ञवाली सरलाई गिरफ्तार गर्‍यो । त्यसपछि चुत्थो र अमर्यादित भाषा बोल्दै 'दिनभरी मास्टर र रातभरी माओवादी' भन्दै स्कूलबाट बाहिर निकालेर हात पछाडि बाँधेर उकालो हिँडाइयो । माथि टाकुरामा पुगेर एउटा सेनाले 'साप साप ! छ सात जना माओवादी भागे, एउटालाई मार्‍यौँ र दुइटालाई छोपेर ल्या'छौँ' भन्दै जाहेरी गर्‍यो । त्यसपछि हामी दुई जनालाई केरकार गर्ने काम सुरु भयो ।

*'माओवादी काँ बस्छन् ?'*
*'यो गाउँमा को को छन् माओवादी ?'*
*'तिमीहरू कुन कुन पोष्टमा छौ ?'*
*'कति रूप्पे उठाउँछौ ?'*
*'काहाँ काहाँ हान्ने योजना छ ?'*

यस्तै यस्तै प्रश्नहरूको बौछार लगाउँदै रहे । हामीले अस्वीकार गर्दै गयौँ । 'हामीलाई केही पनि थाहा छैन । हामी माओवादी होइनौ । हामी शिक्षक हौँ विद्यार्थीलाई पढाउनु बाहेक हामीले अरू केही पनि गरेका छैनौँ' भन्दै हामीले उनीहरूका प्रश्नको जवाफ दिइरह्यौँ। हाम्रो जवाफ ती आततायीहरूलाई के चित्त बुझ्थ्यो । हामी दुवैको बीचबाट एक्कासी फायर गरेर हामीलाई तर्साउने कोसिस गरे । 'तिमीहरूको बारेमा सबै कुरा त्यो नन्देले हामीसित भनिसकेको छ' भन्दै 'झुठो बोल्छस् साला' भनेर हप्काउँछन् र त्यहाँबाट हिडाल्छन् । त्यसपछि सल्यानकै जयतपानी बजारको डाँडामा लगेर पुनः केरकार गर्छन् । त्यहाँका स्थानीय वासिन्दाहरू हामीलाई देखेपछि बोल्न नसकेर मौन रहँदै एकोहोरो हेरिमात्रै रहे । त्यहाँ पनि हामीले पुरानै जवाफ फर्काएपछि 'लातको भूत बातले मान्दैन' भन्दै सिमखर्क ब्यारेकतिर ओह्रालो झारे ।

बेलुकाको साढेसात बजेको हुँदो हो । सल्यान खलङ्गा-कुपिण्डेदह सडकखण्डमा रहेको सिमखर्क ब्यारेकको मूल गेटमा आइपुगेपछि हामी दुबैको आँखामा टालोले पट्टी बाँधियो । अँध्यारो निशाचरसँगै हाम्रा आँखा पनि बन्द भए । त्यसपछि हामी दुबैलाई दुदुई जनाले दुई पाखुरामा समातेर खाल्टोमा हाल्दै झिक्दै गरेर एउटा घरको आँगनमा पुर्‍याएर उभ्याए । त्यहाँ हामीलाई भकुण्डोझैँ लात्ताले हान्दै एताबाट उता र उताबाट अर्कोतिर गर्दै फूटबल बनाए । यो क्रम झण्डै आधा घण्टासम्म चल्यो । यसरी कुटपिटको कार्यक्रम सकिएपछि हाम्रो शरीर खानतलासी गरियो । भएका सम्पूर्ण सामानहरू एकेक गरेर टिप्दै दुईवटा प्लाष्टिकका थैलामा हाम्रो नाम लेखिएका चिर्कटा सहित राखिदिए । त्यहीबेला उनीहरूको कथित मानवअधिकारवादी शेलका केही सिपाहीहरूले 'हामी मानवअधिकारवादी हौँ, हामीसित डराउनु पर्दैन, तिमीहरूले जेजे गरेका छौ सत्य कुरा भन' भन्दै हाम्रो तीन पुस्ते नाम, उमेर, ठेगाना, पेसा सहितको सबै विवरण टिपेर राखे । साथै बयानका नाममा पहिलेकै प्रश्नहरू दोहोर्‍याउँदै केरकार गरे । हामीबाट पनि पहिलेकै जवाफ फर्कियो ।

मलाई डर र त्रास के थियो भने प्रावि ज्यामिरेका प्रअ वाशुदेव शर्मा जो हाम्रो अखिल नेपाल शिक्षक सङ्गठनका उपाध्यक्ष हुनुहुन्थ्यो उहाँलाई २०५९ जेठ महिनादेखि सोही ब्यारेकको सेनाले बेपत्ता बनाएको हुँदा सङ्गठनको पोल खोलिएको छ कि भन्ने सङ्का थियो । तर कमरेड वाशुदेव आफू सहिद हुनुभएछ सङ्गठनको कुनै पनि पोल खोल्नु भएको रहेनछ । किनकि म त्यतिवेला पार्टीको एरिया कमिटी सदस्य र अखिल नेपाल शिक्षक सङ्गठनको त्यस एरियाको अध्यक्ष थिएँ । मेरै मातहतको कमिटीमा रहेका कमरेड वाशुदेवले पोल खोलेको भए म आज यो संस्मरण लेख्ने स्थानमा रहेको हुने थिएन । केरकारको क्रममा मलाई वाशुदेवको विषयमा सोधिएको थियो तर मैले चिन्दैन भनेपछि त्यस भन्दा अगाडि उहाँको विषयमा कुरा उठाएन । मैले के बुझेँ भने वाशुदेव कमरेडले पोल खोल्नु भएको छैन, अब म डराउनु हुँदैन । कुनै कुरा पनि स्वीकार्नु हुँदैन भन्दै मुटुलाई अझ स्पातिलो बनाएँ । यो घटनाले मलाई के कुराको अनुभूति गराउँछ भने जनयुद्धका क्रममा तल्लो र अत्यन्तै निम्न वर्गबाट आएका जो जीवनका हरेक मोडहरूसँग पौँठेजोरी खेलेर सङ्घर्षशील बनेका कार्यकर्ता भन्दा मध्यम र उच्च वर्गबाट आएका नेताहरू नै गद्दार भएका छन् । प्रचण्ड बाबुराम, बादल लगाएतको ठूलो टीमले जनयुद्धको महान् उँचाइलाई धूलिसात पार्दै तथ्य र कारण सहित आफैँले प्रतिक्रियावादी घोषित गरेको एमालेमा पतन हुनु र अहिले राष्ट्रघाती एमसिसि पास गर्न अनेकौँ षड्यन्त्र गर्नुले त्यही कुराको पुष्टि हुन्छ । साथै जनयुद्धका क्रममा पनि यही उच्च र मध्यम वर्गबाट आएका नेताहरूले आत्मसमर्पण गरेका, पलाएन भएका र पोल खोलेर ठूला ठूला क्षति गराएका थुप्रै उदाहरण भेटिन्छन् ।

ती मानवअधिकारवादी हौँ भन्नेहरूलाई मेरो जवाफ थियो - 'पहिला मप्रति मानवको व्यवहार गरियोस् । मेरा हात बाँधिएका छन्, आँखामा पट्टी बाँधेर अन्धो बनाइएको छ, यातनाको कारणले नाक र कानबाट रगत बगिरहेको अवस्थामा म कसरी बयान दिन सक्छु ?' त्यसपछि मेरा हात खोलियो । आँखा खोलियो । मेडिकल टोलीलाई बोलाएर ड्रेसिङ गरियो र औषधीका नाममा हाइडोजको ब्रूसेट खुवाइयो । अनि भित्र छुट्टै कोठामा लगेर बयान लिने काम गरियो । बयानका क्रममा १) आफू माओवादी नभएको, २) गरिबीका करणले घरबाट जिल्ला बाहिर गएर शिक्षण पेशामा सङ्लग्न भएको, ३) माओवादीलाई मासिक रूपमा एकदिनको तलव लेवीका रूपमा तिर्ने गरेको, ४) माओवादीहरू गाउँमा र डेरामा आउँदा खाना खान दिन वाध्य भएको भन्ने कुरा स्वीकार गरियो ।

राती भइसकेको थियो। मलाई र टीका सरलाई अलग गरेर राखियो । खाना खान दिइयो । खाना खाइसकेपछि हातखुट्टा बाँधेर र आँखामा पट्टी बाँधेर अलग अलग कोठामा चिसो भुइँमा लडाइदिए । यो सबै घटनाक्रम हामीलाई गिरफ्तार गरेको दिन असोज सात गतेको थियो ।

***दोस्रोदिन, असोज आठ***

बिहान हामीलाई थुनिएको कोठाबाट बाहिर निकालियो। नित्यकर्मका लागि हातखुट्टा खोलियो। त्यहीबेला हामी थुनिएको कोठाका कुरुवाहरूले हामीलाई चिनेछन् । र, उनीहरूले 'ए ! माओवादीलाई ल्या'छौँ भन्थे, यी त स्वँराका मास्टरलाई पो ल्या'का रहेछन्' भन्दै कुरा गरेको सुनियो । उनीहरूको व्यवहार हामीप्रति सकारात्मक रह्यो । तिनीहरूको नाम रण र बल रहेछ । किनकि उनीहरूलाई ए रणे, ए बले भनेर बोलाइन्थ्यो । ती दुई सेनाका जवानले हामीलाई त्यस ब्यारेकमा रहँदासम्म ठूलो सहयोग गरे ।

खाना खाइसकेपछि हामीलाई आँखामा पट्टी र हात बाँधिएको अवस्थामा खाल्टामा हाल्दै झिक्दै, डोर्‍याउँदै सिमखर्क व्यारेकको सबै भन्दा अग्लो डाँडामा लगियो। मलाई अलिक टाढा राखेर टीकाराम ज्ञवालीलाई बयान लिन थालियो । उहाँलाई केके सोधियो र केकति यातना दिइयो थाहा हुँदैनथ्यो । रोएको र चिच्याएको आवाज मात्रै सुनिन्थ्यो । म त हिमालझैँ अटल भएको थिएँ । एक थोपा पनि आँशु झारिन । अश्लील भाषामा गालि गर्नु, तथानामाका बेप्रसङ्गका प्रश्न सोध्नु, गरुढपुराणमा बर्णित शारीरिक र मानिसिक यातना दिनु, साही जल्लादहरूको नियमित कर्म थियो । यो क्रम आठ गतेदेखि सोह्र गतेसम्म निरन्तर यथावत रूपमा चल्यो ।

***सत्र गते असोज ।***

पुनः उसै गरी, उही क्रियाद्वारा, त्यही डाँडामा उकालियो । खाल्टोमा हालियो र उभ्याएर राखियो । त्यसपछि खाल्टोमा माटो भर्दै हाम्रो शरीरको कम्मरसम्म माटोले पुरियो । अनि एकेक फायर गोली चलाइयो । 'अपराधीहरूलाई गोली पनि लाग्दैन यार' भन्दै 'ल तिम्रो अन्तिम इच्छा के छ ?' भनि सोधियो । टीकाजीले दिएको जवाफ त मैले सुन्न पाएन । मैले भने 'म मरेपछि मेरो लासमा आतङ्ककारीको विल्ला नभिराइयोस् ।' मेरो कुरा सुनेर जल्लादहरू खित्का छोडेर हाँसे । 'मास्टर हो, कुरा गर्न जान्या छ' भन्दै मजाक गर्न थाले । त्यही समयमा आकासमा हेलिकोप्टर उडेको आवाज सुनियो । कसैले ठूलो आवाजमा 'चरो आयो चरो आयो । निकाल तेरा बाहरूलाई । निकाल र लुका तेरा बाहरूलाई' भनेको आवाज सुनियो । त्यसपछि मलाई चार जनाले कम्मर र काखीमा समातेर खाल्टोबाट ताने । अनि कोठाभित्र लगे । हामीले पछि तिनै रणे बलेबाट थाहा पायौँ कि त्यो चरो भनिएको हेलिकोप्टरमा करसाव र अन्य केही मानिस आएका रहेछन् । त्यसैदिन राती रणे र बलेबाट थाहा भयो कि त्यस व्यारेकमा ल्याइएका बन्दीहरू मध्य पहिलो पटक भोलीपल्ट हामी छुट्दै थियौँ । 'बधाई छ मास्टर तिमीहरूलाई । देशले दुःख पा'छ । तिमीहरूले दुःख पायौ । यो दुःखलाई पछि बिर्सनु' भन्दै हामीलाई सम्झाए । उनीहरू दुबैले हामीलाई आठ गते विहान चिनेदेखि सम्झाउने, राती सुत्नेबेला हातखुट्टा खोलिदिने, साहस बटुल्न प्रेरणा दिने काम गरिरहेका थिए । उनीहरूकै मुखबाट तिमीहरू छुट्दै छौ भनेको सुन्दा मभन्दा ती दुईजना बढी खुसी देखिन्थे । सायद वर्गीय चरित्र बुझेका, पारिवारिक वाध्यताले सेना बन्न गएका शोषित पीडित जनताका छोराहरू थिए, रणे र बले ।

अठार गते बिहान हामीलाई यथाअवस्थामै त्यही डाँडामा उकालियो । बाह्र दिनपछि हामी दुबैलाई एकै ठाउँमा राखियो । तथापि हामी बोलचाल भने गरेका छैनौँ । तर त्यस दिन हामीलाई अनौठो लागेको थियो । कतै रणे र बलेले अघिल्लो रात भनेको कुरो सत्यापित त हुँदै छैन ?! के हामी आज यो काल कोठरीबाट छुट्दै छौँ त ? मनमा अनेकौँ तर्कनाहरू खेलिरहे । न कसैले सोधपुछ गर्छ । न त कसैले यातना नै दिन्छ । व्यारेकमा ल्याएदेखिन दिनहुँ यसै डाँडामा ल्याएर शारीरिक र मानसिक यातना खेप्नु हाम्रो खुराक थियो । आज त्यो खुराक नपाउँदा हामी भोकै हुन्छौँ कि जस्तो भान हुन्थ्यो ।

सिमखकैको डाँडामा बादल लाख्छ । एक्कासी चिसो बढ्छ । केहीबेरमा घाम लाग्छ र प्रचण्ड गर्मीले पोल्छ । यसरी जाडो र गर्मी खेपिरहेका हामी दुई शिक्षकहरूलाई बेलुका तीन बजेतिर ढाला नभएको पिकअप भ्यानमा चढाइयो । झण्डै दुई घण्टाको पट्यारलाग्दो समयमा हामीलाई कार्टून बनाइरहे जल्लादहरूले । एउटा सेना आउँछ, 'किन खुसी भा'छस् अनुहार बिगार मा' साला' भन्छ । अर्को आउँछ र फेरि 'ए, मा'साला किन अनुहार बिगार्‍याछस् ? छुट्दैछस् खुसी हुनु पर्दैन' भन्छ । यो आदेश दुई घण्टासम्म निरन्तर चलिरह्यो । हामी 'जसो जसो बाहुन बाजे उसै उसै स्वाहा' गरिरह्यौँ । नगरौँ यमराजका दूतहरूको कब्जामा छौँ । हामीलाई लागिरहेको छ कि हामीले यतिखेर गरुढपुराणको कथाका प्रत्यक्ष पात्र बनिरहेका छौँ । यो आदेश र पालनाको द्वन्द्वपछि गाडि अगाडि बढ्यो । गेटमा पुगेपछि आँखाको पट्टी खोलियो र हामीले चर्मचक्षुले प्रकृतिको दृश्यावलोकन गर्न पायौँ । त्यसपछि गाडि व्यारेकबाट जिल्ला प्रशासन कार्यालय सल्यान खलङ्गामा आएर घच्याक्क रोकियो । कुपिण्डेदहको स्वाँरा गाउँमा बाँधिएका हाम्रा हातहरू बाह्र दिनपछि खोलिए । त्यसपछि एउटा तारेखमा आउने आदेशको कागजमा सही गर्न लगाएर जिल्ला शिक्षा कार्यालयमा रहेका मेरा भाञ्जा गणेश न्युरेलाई जिम्मा लगाइयो र मुक्त गरियो । हामीलाई यमराजको नर्कबाट मर्त्यलोकमा फर्काइएको महसुस् भयो ।

बेलुका खलङ्गाको एक होटेलमा बसियो । कसैले पनि हामीसित कुरा गर्न चाहँदैनन् । मानौँ हामीसँग कुरा गर्दा अहिलेको कोरोना सर्छ जस्तो गरियो । यतिसम्म कि होटेल साउजीसमेत हामीसित नबोली नबोली खाना खुवाए र सुताए । खाना र सुतेको पैसापनि लिएनन् । उन्नाइस गते बिहानै त्यही सिमखर्क व्यारेको गेट हुँदै हामी अगाडि बढ्यौँ । गेटमा ड्युटीमा बसेका सेनाले सोधपुछ गरेर छोडेपछि हामी जयतपानी बजारमा पुग्यौँ । त्यस बजारका व्यापारीहरूले हामीलाई भव्य स्वागत गरे । त्यहाँ पुगेपछि मात्र हामीलाई थाहा भयो, असोज सात गते हामीलाई पकड्नु अगाडिको राइफलको तीन फायरले नन्दलाल डाँगीलाई हामीबाट सँधैको लागि बिछोड गराएको रहेछ । हामी स्तब्ध र मर्माहत भयौँ । जनयुद्धका महान् सहिद नन्दलाल डाँगीप्रति आज १९औँ स्मृतिका सन्दर्भमा भावपूर्ण श्रद्धाञ्जली अर्पण सहित लाल सलाम गर्दै आसोज सातको कालो दिनको स्मरणको बिट मार्दछु ।

*३० भदौ, २०७७, तुलसीपुर*

## ❑ कविता

### सम्झनाको सम्झनामा



● इन्दीरा अधिकारी (सुनाखरी) ●

सरकार !
लाखौं लाख !
निर्मलाहरू,
अंगिराहरू,
सम्झनाहरू र ,
अनेकौं नमिता र सुनिताहरू !
यो !
देशको माटोमा !
लज्जित भएर ,
बलात्कृत भएर ,
नरभक्षी राक्षस ,पशुहरूको शिकार हुनैपर्ने हो ?
सुरक्षित र स्वतन्त्रताका साथ हिड्न , हुर्किन पाउने अधिकार छैन ?
ए !
शासक हो !
किन बोल्दैनौ ?
किन सुन्दैनौ ?
किन देख्दैनौ ?
यी !
कलिला ,
अबोध मुनाहरूको चीत्कार !
रगतका भेल सरि निस्किएका आँसु !
चिथोरिएर ,
लुछिएर ,
चिमोटिएर ,
लुटिएर फयाँकिएका मृत शरीरहरू !
भ्रष्ट ,
तस्कर ,
गुन्डा ,
बलात्कार र माफियाहरूका नाइकेहरू हो !
यो !
अदालत ,
प्रशासन ,
संघसंस्था र
यी मन्दिरहरू बधशाला हुन ?
कि !
खान ,
लाउन ,
बस्न ,
स्वास्थ र शिक्षाको आवश्यकता पूरा गर्न !
स्वतन्त्र र सुरक्षित रहन !
राष्ट्रपति ,
प्रधानमन्त्री ,
प्रधानन्यायाधीस ,
प्रशासक प्रमुखकै छोराछोरी भएर जन्म लिनुपर्ने हो सरकार ?
यदि !
हो, भने !
प्रत्येक !
असाहय , उत्पीडित वर्गका निर्धन आमाहरू राष्ट्रपति बनाइदेउ सरकार !
उनीहरूले !
सबै सबै नेपाली मनहरूलाई समानता प्रदान गर्ने !
अदालत ,
शिक्षालय ,
स्वास्थ्यलय ,
न्यायालय र प्रशासन निर्माण गर्नेछन !
दोषीलाई कडा कार्वाही !
बलात्कारीलाई सार्वजनिक स्थानमा फासी दिनेछन !
सरकार !
अनि !
पो !
अपराधिक गतिविधि !
छुवाछूत !
भेदभाव !
हत्या !
हिंसा र बलात्कार रोकिने छ सरकार !
कलिला मुनाहरूको मुहारमा मुस्कान छरिनेछ सरकार !
(बलात्कृत भएर हत्या गरिएकी सम्झना कामीको सम्झनामा)

## कार्यगत...

एकता सिद्धान्ततः, तत्कालै मिल्न सक्ने विषयमा केन्द्रीत रहेर गरिने एउटा अस्थायी प्रकारको संयुक्त गतिविधि हो। यसमा सबै विषयहरू मिल्नै पर्छ भन्ने शर्त राख्नु हुँदैन। धेरै विषयहरू, नीतिहरू मिल्ने सँग अपेक्षाकृत लामो समय सम्म कार्यगत एकतालाई निरन्तरता दिन सकिन्छ। केही विषयमा मात्र मिल्नेहरूका वीचमा कार्यगत एकता गर्दा त्यो विषय टुङ्गिए पछि, त्यो कार्यगत एकता पनि टुंगिन्छ। यो कुरा हामी धेरैले बुझेका छौं। तर, कार्यगत एकता गर्ने बेलामा, यसलाई व्यवहारमा उतार्ने बेलामा हामीले लागु गर्न सकिरहेका हुँदैनौ। हामीले यसलाई लागु गर्ने प्रयत्न भने गरिरहेका छौं।

*विगतको अनुभव*

पहिलो संविधान सभा विघटन गराएर पश्चगामी संविधान बनाउने तिर तत्कालिन एनेकपा लगायतका 'मूल प्रवाह'का दलहरू गैसकेपछि हामीले कार्यगत एकताको ढोका खुला गरेका थियौं। ३३ दलबाट सुरु गरेको कार्यगत एकतामा एक पटक लगभग ६५ दलहरूले नाम लेखाए। हामीले संघर्षका कार्यक्रमहरू संचालन गर्ने प्रयास गऱ्यौं। तत्कालिन प्रधान मन्त्री सुशिल कोइरालाले संविधान सभाको दोस्रो संस्करणको निर्वाचनका सन्दर्भमा सर्वदलीय बैठक बोलाए, जसमा हामीलाई पनि आमन्त्रित गरिएको थियो। बैठक सुरु भयो। हाम्रो प्रतीक्षा गरेर केही घण्टा बसेको कुरा टि भीहरूले प्रसारण पनि गरेका थिए। त्यहाँ हाम्रो माग सुनवाई नहुने केवल हामीलाई सहिछाप लगाउनका लागि मात्र बोलाइएको भन्ने प्रष्ट भए पछि हामी भाग लिन गएनौं। हामीले कथित दोस्रो संविधान सभाको निर्वाचनलाई वहिष्कार गर्ने निर्णय गऱ्यौं। त्यसपछि त धेरै जसो दलका साथीहरूको नामो निशान देखिएन। एउटा दलका प्रमुखले त यति सम्म गरे कि उनले '३३ दलीय मोर्चा'को नाममा निर्वाचन आयोगमा दल दर्ता गराएछन्। त्यसपछि जो रहेका थियौं हामीले दोस्रो संविधान सभाको वहिष्कार गऱ्यौं। विगतको यो अनुभवले हामीलाई अहिले कसरी अघि बढ्ने भन्ने विषयमा केही मदत पुग्ला भन्ने लाग्दछ।

*आजको स्थिति*

तत्कालिन माके एमालेमा विलय भएर डबल नेकपा बन्यो। त्यसले संसदमा बहुमत ल्याएर सरकार बनाइ सकेपछिको अवस्थामा यो सरकारले गरेका जनघात र राष्ट्रघातका विरोधमा संघर्ष गर्ने सन्दर्भमा फेरि हामीले केही लामो समयसम्म चल्ने गरी कार्यगत एकताको अभ्यास सुरु गऱ्यौं। ९ दलका वीचबाट सुरु भएको यो कार्यगत एकता १० दल हुँदै ११ दलको एकतामा पुगेको छ। यसको भर्खरै सम्पन्न बैठकले अन्य तीन संगठनलाई समावेस गर्ने निर्णय भएको छ। त्यसपछि पनि चलेका छलफलबाट अन्य तीन संगठन पनि जोडिने निष्कर्षमा हामी पुगेका छौं। यस प्रकार यो कार्यगत एकता अब १७ दलको एकतामा पुगेको छ। यो कार्यगत एकता केवल एक दुई वटा विषयमा नितान्त अल्प समयका लागि भएको एकता नभएर तुलनात्मक किसिमले लामो समय सम्म जाने प्रकृतिको छ। यसमा सामेल संगठन वामपन्थी प्रकृतीका भएका हुनाले यसको स्तरलाई अझ माथि उठाउने भन्ने वहश पनि चलिरहेको छ। आन्दोलनको कार्यभार पाएको यो कार्यगत एकता प्रति जनताले नियालेर हेरिरहेका छन्। आन्दोलनलाई अघि बढाउने आवश्यकता पुरा गर्न यसले आफुलाई तयार पार्नु आवश्यक छ।

*२०७७ / ६ / ११*

## सांस्कृतिक...

भन्ने गरेका छन्। तसर्थः सबै समस्या पनि इश्वर हो। समाधान पनि ईश्वर हो समाधानको मार्ग पनि ईश्वरमा छ मानिसको हातमा केही पनि छैन। त्यो पूर्व जन्म वा भाग्यको लेखा हो जे भोग्नु वा गर्नु पर्ने छ त्यो गरेरै वा भोगेरै जानुपर्छ। इश्वरको निर्णय र इच्छालाई कुल्चीनु महापाप हो जे हुन्छ हुन देउ, जे घटना घट्छ घट्न देउ। ईश्वरको इच्छाले मानिस स्वर्गलाक, मर्त्यलोक, पाताललोक पुग्दछ त्यसमा केही कुरा तिम्रा हातमा छैनन्। ईश्वरको आज्ञा पालनद्वारा नै प्राणीजगतको कल्याण सम्भव हुन्छ।(अधिभूतवादी विश्लेषण)

माथिको कुराबाट समाज अधिभूतवादी र भौतिकवादी दुईवटा मान्यताबाट अगाडी बढेको देखिन्छ। अधिभूतवादले पञ्चतत्वलाई मान्दछ, बम्हाण्ड(सौर्यमण्डल) लाई मान्दछ र भौतिकवादले पनि पञ्च तत्वलाई मान्दछ, ब्रम्हाण्ड(सौर्यमण्डल)लाई मान्दछ। विज्ञानले प्रमाणित गर्दछ र आध्यात्मले कति कुरा अनुमान मात्र गर्दछ। प्लेन आकाशमा उड्छ भन्ने कुरा आध्यात्मवादीहरूले मान्छन भन्ने कुरा पुष्प विमानले प्रमाणित गर्दछ। आध्यात्मले तत्वको सुक्ष्म रूप ईश्वर हो र प्राणको सुक्ष्म रूप आत्मा हो, अर्काको आत्माको कदर गर्ने भन्ने अर्थमा परआत्मा बाट अपभ्रम्स भई परमात्मालाई मान्य कुरा भन्छ भने यता विज्ञानले तत्वको सुक्ष्म रूप प्रमाणु हो र शरिरको सुक्ष्म रूप चेतना हो भन्छ। सुपरनेचुरल कुरा नै भगवानका आश्चर्य कर्म हुन, अकाशबाणी व्यक्तिको आत्मीक शक्ति हो, यो पुनरजन्म हुन्छ भन्ने कुरा आध्यात्मले भन्छ यता विज्ञानले सुपर नेचुरल कुरा आकाशवाणी हुन यी सौर्यमण्डलमा घुमीरहन्छन्। यनीहरू जीवीत वा मरेका व्यक्तिका चेतना अर्को जीवीत व्यक्तिसम्म आइपुगी हुने प्रतिक्रियाहरू सुपर नेचुरल कुरा हुन र जव आकाशबाणीको नयाँ व्यक्तिसँगको क्रियाप्रतिक्रिया हुन्छ त्यो बेलामा उसको दिमाग र शरिरले नयाँ र उसको जीवनमा नभोगेको कुरा गर्ने र भन्ने गर्दछ। यसैलाई पुनरजन्म भन्न मिल्दैन भनेर विज्ञानले भन्ने गरेको छ। किनकी तपाइले तपाईको क्यासेट प्लयरमा जस्तो गीत अपलोड गर्नुहुन्छ त्यस्तै गीत बज्ने हो। शरिर पनि वायो केमिकल इन्जीन नै हो। कम्प्युटरमा जस्तो कुरा तपाईले लोड गर्नु हुन्छ त्यस्तै कुरा रहन्छ। कम्युटरमा भएको ऱ्याम र रोम मानव मस्तिस्क भित्रको ऱ्याम र रोमको नक्कल हो। यहि कुरा फरक छ कम्प्युटर विद्युतिय यन्त्र हो भने मानव शरिर वायो केमिकल यन्त्र हो। मानव शरिरले वायोलोजिकल कुराहरूको एक्सीस र स्टोर गर्दछ भने कम्युटरले डिजिटल कुराहरूको एक्सीस वा लोड गर्दछ। यही ब्रम्हाण्डमा भएका कुराहरूको नक्कल हुने भएको हुनाले केही मानिसहरू यसलाई कहिल्यै नभेटिने इश्वरीय शक्ति भन्न थाले भने केही मानिसहरू यसलाई डिभाईसमा ढालेर आविस्कार गर्दै मानव संसाधनको विकास गर्न थाले। जब आकाश बाणीको कुरा गर्दा केही मानिसहरू आकाशबाणी महाऋषिहरूमा मात्र हुने इश्वरीय बरदान हो भन्न थाले भने अर्का महापुरुषहरूले आविश्कारको रूपमा विकास गरेर त्यसलाई विद्युतिय यन्त्र बनाउँदै फोन मोवाईल र इमेल इन्टरनेटमा विकास गरिदिए।

विज्ञानले तत्व ज्ञानका बारेमा अध्ययन गर्दछ। त्यो अधिभूतवाद त यथास्थितिवाद वा आत्मसमर्पणवाद नै हो। यसमा आधारीत सबै ग्रन्थहरू छल, कपट र झुटका दस्तावेज नै हुन वा अनुमानको भरमा गरिएका मनगडन्ते ब्याख्या कथा किवदन्तीमा आधारीत १० वटा वाघको कथा जस्तो सभ्यताले समाजको कुनै पनि विकास सम्भव छैन। जसले प्रकृतिको निरन्तर परिवर्तनको नियमलाई नै नकारेर मानव जातीलाई नै नकाम पार्ने कार्य रिरहेको छ। लोक कल्याणका लागि सत्य र न्याय नै मूल मान्यताहरू हुन। अर्कोतिर विज्ञानवादीहरू प्रकृतिमाथि विजय गर्न चहान्छन त्यो पनि असंभव कुरा हो। यो इच्छाबाट अलि धेरै उद्देलित भएको कारणले यहाँ विभिन्न खालका असन्तुलित ढंगले भएका अविश्कारहरूले मानव अस्थित्व माथि दिनानु दिन प्रहार भइरहेको छ। बनजंगलहरू, बन्यजन्तु आदिको विनाश भएको छ। कति जनावरहरू लोप भएको स्थिति छ। जसको कारण प्राकृतिक प्रकोप पढेका छन्। हातहतियार र विश्फोटक पदार्थहरूको विकासका कारण मानव अस्थित्व माथि नै ठूलो प्रहार भएको छ। अव्यवस्थित ढंगले संचालित उद्योग धन्दा र कलकारखानका कारण वातावरण प्रदुशन बढेकाले मानव जनजीवनमा आघात असर परेको छ।

असंभव कुरा हो प्रकृति माथि विजय गर्ने कुरा। प्रकृतिको अदभुत सुन्दरता र क्षमतासँग मितेरी गाँसेर सन्तुलित व्यवहार गरे मात्र मानव अस्थित्व वरकरार रहने देखिन्छ। प्राकृतिक सत्यलाई वङ्ग्याएर गर्ने कुनै पनि कार्यहरूले मानवीय अस्थित्वलाई बचाएर राख्न सक्दैन। मानव जातीको हितकै खातिर आध्यात्म दर्शनहरू पनि लेखिएका छन् भने लोक कल्याणमा आधारीत भएरै भौतिकवादी दर्शनहरूको पनि विकास भएको छ। यसकारण आध्यात्मवादी र भौतिकवादी दर्शनमा एकाध भ्रम बाहेक सबै कुरा एकै जस्तो देखिदा देखिदै पनि यी दुई विचमा संसारमा ठुलो विवाद देखिनुको कारण ति एकाध भ्रमहरू नै हुन। ति भ्रम मुक्त हुनका लागि भौतिकवादी र आध्यात्मवादीहरूको विचको दुरि घटाउँदै जान र एक अर्काका कुरा प्रमाणबद्ध गरि देखाउन जरुरी छ।

संसारमा मार्क्सवादको विकास भयो जसले अधिभुतवाद भित्र भएको अन्धविश्वास, रुडीवाद, यथास्थितिवादको मात्र टिप्पणी गरेको छैन मान्छेले मान्छे माथि गरिरहेको बरबर पाशविक व्यवहारको वैज्ञानीक समाधान पनि दिएको छ। समाजमा विद्यमान छलकपट, झुटमुटका सबै दस्तावेजहरूको दहन गर्दै पनि आएको छ। अत्याचारका दस्तावेज मात्र जलाएको हैन अत्याचारीहरूलाई रूपान्तरणको भरपुर अभ्यास पनि गरेको छ नभए समसानघाटमा पुऱ्याउँदै आएको पनि छ। मार्क्सवादीहरूले जुन त्याग, तपस्या र बलिदान गरेर संसार बचाएका छन् त्यो कुनै पनि दर्शन शास्त्रिहरूले गरेका छैनन्। यो ऐतिहासिक र प्रेरणापूर्ण कार्यलाई आत्म साथ गर्न जरुरी छ। समाज रूपमान्तरणको लागि साँस्कृतिक रूपान्तरण अपरिहार्य देखिन्छ। त्यसकारण संसार बचाउन चहानेहरू हो एक पटक आफ्ना गरेका कार्यहरूलाई पुनरावलोकन गरि सुद्धिकरणमा जान जरुरी छ।

## जनविरोधी...

राष्ट्रियता दह्रो बनाउनु हो। तर यहाँ त ठिक यस्को उल्टो तीनले नै नेपालमा असन्तुष्टि पैदा गरेर नागरिकबीच विभाजनको रेखा कोर्दै हिंडेका छन्। देशका शासक जातीका नाइकेहरू देशमा रहेका अन्य जातजातीको समान अस्तित्व स्वीकार्न प्रतिकात्मक स्तरसम्म पनि स्वीकार्न तयार छैनन् भन्ने कुरो उनीहरूको सोच र क्रियाकलापले छर्लंग्याइ रहेको छ। जस्ले गर्दा नेपालको राष्ट्र राष्ट्रियता कमजोर हुन पुगेको छ। सबै एकजुट हुन सकेको भए राष्ट्रियता मजवुट हुने हो। नेपालमा जातीय संकिर्णताले गर्दा नागरिकहरू बीच एकजुट हुने कुरा असम्भव प्राय हुँदै गइरहेको छ।

देशको विद्यमान वस्तुस्थितिको उदेक लाग्दो र विदम्वनापूर्ण कुरो के हो त भने संविधानको धारा ३५ को १ मा प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने अधिकार हुनेछ र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट बञ्चित गर्ने छैन भनिएको छ।

संविधानमा उल्लेखित 'आधारभूत स्वास्थ्य सेवा'को ब्याख्या जन-स्वास्थ्य ऐनमा गरिएको छ। ऐनको दफा ३ को उपदफा ४ (ग) मा 'सरुवा रोग सम्बन्धी सेवा निःशुल्क प्राप्त गर्ने हक हुनेछ' भनिएको छ।

कोभिड-१९ पनि एक प्रकारको सरुवा रोग भएकाले यसको परिक्षण तथा उपचार निःशुल्क हुनुपर्छ। 'संविधानको मौलिक हक र कर्तव्यमा राखिएका व्यवस्था वाध्यकारी हुन्छन्।' संविधानविद भीमार्जुन भन्नु हुन्छ 'मौलिक हक अन्तर्गतका व्यवस्था राज्य निर्देशक सिद्धान्त, नीति तथा दायित्वमा भएको व्यवस्था जस्तो होइन।

कोभिड-१९ को परिक्षण - राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री र मन्त्रीहरूले निःशुल्क परिक्षण गर्ने र निमुखा जनतासँग शुल्क लिने निर्देशन दिने सरकारको नीति संविधान विपरित रहेको भनी अधिवक्ताद्वय केशरजंग केसी र लोकेन्द्रबहादुर ओलीद्वारा दर्ता गरिएको रिटमा सुनवाई गर्दै न्यायधिश हरिप्रसाद फुयालको एकल इजलासले गरेको आदेशमा 'निवेदकको माग बमोजिमको आदेश किन जारी हुनुपर्ने ? आदेश जारी हुनुपर्ने भए आधार र कारण सहित यो आदेश जारी भएको १५ दिनभित्र लिखित जवाफ' पेस गर्नु भनिएको छ। अब हेर्नुछ केपी ओली नेतृत्वको वर्तमान सरकारको "समृद्ध नेपाल सुखि नेपाली" भन्ने नारा भत्याउन नथाक्ने सरकार कुन रङ्ग र रूपले प्रस्तुत हुने हो।

वस्तुस्थितिलाई नधाँति भन्ने हो भने वर्तमान सरकार कम्युनिष्ट (शब्द) नाउँमा गहिरो मेतेर नमेतिने एक प्रकारको कालो धब्बा हो। त्यो कम्युनिष्ट नामधारी प्रतिक्रियावादी सरकारको क्रियाकलाप पूर्णरूपमा फासिष्टवादी चरित्र उदाङ्गो पार्दै अगाडि बढीरहेको स्थिति छ। खासमा भन्नु पर्दा सबै प्रतिक्रियावादी वर्गहरूको दृष्टिकोण आदर्शवादी हुन्छ। किनभने उनीहरू संसारमा हरेक चीजलाई स्थिर रूपमा र अपरिवर्तनीय रूपमा हेर्छन्। उनीहरू शोषक वर्गिय व्यवस्था कायम राख्न आफ्नो भएभरको शक्ति प्रयोग गरेर इतिहासको गतिलाइ रोक्ने दुस्साहस गर्छन्। तर समाज उनीहरूको इच्छा अनुसार चल्दैन। इतिहासका शक्रिशाली भनिएका बडे-बडेमानका फासिवादी तानाशाह बादशाहहरू इतिहासकै पानामा थन्किन परेको कारण यही हो।

देशमा बितिरहेको विदम्वनापूर्ण कुरो के हो त भने जस्ले नयाँ जनवादी क्रान्तिलाई गल्ला निमोथी, देश र जनतालाई धोखा दिएर प्रतिक्रियावादी क्याम्प सामू आत्मसमर्पन गरी, देशका सोझा-सिधा जनतालाई ढाँट-छल गरी सत्तासिन हुनपुगेका दल र सत्ताधारीहरू, अहिले उनीहरूले सगौरब भन्ने गरे जस्तो देशमा समाजवादको प्रकृया लागू हुने र विकास हुने कुरो केवल हावादारी कुरा हुन सिवाय अरु केही होइन।

नेपाल बिकसित राष्ट्र होइन, हो त कृषि प्रधान देश हो। यहाँको आधारभूत शक्ति किसान हो। यहाँ नयाँ जनवादी क्रान्तिलाई सफलताको चुचुरोमा पुऱ्याई, सर्वहारा वर्गको अधिनायकत्वमा नयाँ जनवादी व्यवस्था कायम गरी यसै माध्येम वैज्ञानिक समाजवाद तिर फद्को मार्न विज्ञान सम्मत कुरा हुन र यसरी वैज्ञानिक समाजवादको विकास गर्दै साम्यवाद तिरको बाटो निर्माण गर्दै अगाडि बढ्नु क्रान्तिकारी सच्चा कम्युनिष्टहरूको राजनैतिक दायित्व हो। २०७७/६/९

*ताहाचल, काठमाडौं*

## हार्दिक...

आफ्नै निवासमा स्वःउपचारमा रहनु भएको थियो। आफ्नै निवासमा रही स्वःउपचारकै क्रममा वहाँको दुखद निधन भयो। वहाँको निधनबाट नेपालको कम्युनिस्ट अन्दोलनले एउटा इमान्दार र सिद्धान्तनिष्ठ कम्युनिस्ट योद्धा गुमाएको छ भने नेकपा (क्रान्तिकारी माओवादी) ले कम्युनिस्ट दर्शन, सिद्धान्त र विचारप्रति सदा अटल र समर्पित रहेका आफ्नो पार्टीको एउटा अग्रज अबिभाबक गुमाएको छ। हामी स्व. क. जगतबहादुर श्रेष्ठ प्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दै वहाँको शोक सन्तप्त परिवारप्रति गहिरो समबेदना प्रकट गर्दछौ।

*प्रा डा. ओम गुरुङ*
*अध्यक्ष, नेकपा (क्रान्तिकरी माओवादी)*
*केन्द्रीय सल्लाह्कार समिति*
*२०७७/०६/१०*

## जिल्ला...

आगामी बैठकले तय गर्ने निर्णय गरिएको छ।

अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासंघका महासचिव वसन्त बोगटीको प्रमुख आतिथ्य एवं मञ्चका केन्द्रीय संयोजक विष्णु खड्का, २ नम्बर प्रदेश संयोजक चन्देश्वर पण्डित, ३ नम्बर प्रदेश संयोजक अर्जुन बोगटी, ४ नम्बर प्रदेश संयोजक नविन बुढाथोकी र सम्पर्क मञ्चका केन्द्रीय सदस्य प्रेम बुढाथोकीको आतिथ्य रहेको थियो। रमेश बुढाथोकीले अध्यक्षता गरेको कार्यक्रमलाई मञ्चका १ नम्बर प्रदेश संयोजक गणेश घिमिरेले सञ्चालन गरेका थिए।

यो सँगै मञ्चले असोज १७ गते काठमाडौ मा केन्द्रीय प्रशिक्षणको आयोजना गरेको छ। जिल्ला जनगणतान्त्रिक सम्पर्क मञ्चले यहीँ असोज ४ गते एमसिसि खारेज गर भन्दै माइतीघर मण्डलामा सशक्त विरोध प्रदर्शन तथा विरोध सभा सम्पन्न गरेको थियो।

## पार्थिव...

श्रेष्ठप्रति श्रद्धाञ्जली अर्पण गर्नुभएको छ र शोक सन्तप्त परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्नुभएको छ।

## राष्ट्रिय....

कारागारमा रहेका राजनीतिक तथा अन्य बन्दीहरूको कोरोना भाइरस लगायत सबै रोगको उपचारको अविलम्ब व्यवस्था गर्न, उपचार सामग्री र औषधी खरिदमा भएको भ्रष्टाचारको छानविन गरी भ्रष्टाचारी माथि कारवाही गर्न" सरकारसँग जोडदार माग गर्ने निर्णय गरिएको छ।

वक्तव्यमा भोकभोकै परेका विपन्न वर्गका जनताप्रति सरकारले कुनै जिम्मेवारी नलिइराखेको अवस्थामा खानपिन लगायत अन्य सहयोग गर्ने सबै स्वयम्सेवी संस्थाहरू र जनसेवी व्यक्तिहरूलाई बैठकले धन्यवाद ज्ञापन गरेको जनाइएको छ।

त्यसैगरी अन्य जनजीविकाका सवालहरूमा "दलितहरूमाथि भैरहेका हत्या, हिंसा र उत्पीडनमा संलग्नहरू माथि कडा कारवाही गरी यसको अन्तकालागि ठोस कदम चाल्न, सम्पूर्ण बेरोजगारलाई बेरोजगार भत्ता दिनुका साथै बेरोजगार ज्यालादारी मजदुर र विपन्न वर्गका जनतालाई कम्तिमा आगामी ६ महिनाको रासनको एकमुष्ठ व्यवस्था गर्न, दीर्घकालिन रोजगारीको योजना बनाई त्यसलाई छिट्टै लागु गर्न, धान बालीका लागि अविलम्ब रासायनिक मल उपलव्ध गराई, त्यसमा भएको ढिलाईका कारण उत्पादनमा आउन सक्ने १५ प्रतिशत ह्रासको क्षतिपूर्ति दिने व्यवस्था गर्न, बाढी, पहिरो र डुबानमा परेका पीडितहरूको अविलम्ब बसोवास, खाद्यान्न, उपचार र क्षतिपूर्तिको व्यवस्था गरी उनीहरूलाई सुरक्षित स्थानमा बसोबासको व्यवस्था गर्न, प्रहरीद्वारा हिरासतमा राखिएकाहरू माथि बर्बर यातना दिइएका र मृत्यवरण गर्नु परेका घटनाहरू सार्वजनिक भएका छन्, दोषीहरू माथि कडा कारवाही गर्न र यसलाई पूर्णरूपमा नियन्त्रण गर्न, भ्रष्टाचारी, तस्कर, कमिशनखोरहरू माथि कडा कारवाही गरी यसलाई तुरुन्त नियन्त्रण गर्न र आकासिएको महँगीलाई तुरुन्त नियन्त्रण गर्न" जोडदार माग गर्ने ठेगान भएको वक्तव्यमा उल्लेख गरिएको छ।

अमेरिकी साम्राज्यवादी परियोजनाको सम्बन्धमा वक्तव्यमा भनिएको छ, "विगतमा हामीले समेत एम.सी.सीलाई संसदबाट पारित हुनबाट रोक्ने काममा महत्वपूर्ण भूमिका खेलेका थियौं। सत्ताधारी नेकपाभित्र "एकता" कायम गर्ने सन्दर्भमा एम.सी.सी सम्बन्धमा जुन आन्तरिक सहमति कायम भएको छ, त्यसमाथि र अमेरिकी राजदूतले सार्वजनिक गरेको विषयमा समेत ध्यान दिँदा संसदको आगामी सत्रबाट यसलाई अनुमोदन गरिने खतरा बढेको छ। यसको संशोधन र परिमार्जन होइन खारेजीका लागि विविध प्रकारका संघर्षका कार्यक्रमलाई अघि बढाउने तयारीमा सक्रियताका साथ लाग्ने निर्णय भएको छ।"

लिम्पियाधुरासहितको अतिक्रमित भूमि र जारी नयाँ नक्साको सम्बन्धमा ११ दलीय मोर्चाको वक्तव्यमा भनिएको छ, "लिम्पियाधुरा-कालापानी-लिपुलेक सहितको नक्शा जारि गराउन सक्नु हामी सबैको सफलता हो। परन्तु, यो भूभागलाई हासिल गर्न र कालापानीबाट भारतीय सेना फिर्ता गराउन ओली सरकारले कुनै भूमिका नखेल्नु, उक्त विवादित क्षेत्रमा भारत सरकारलेबस्ती बसाल्दा सन्चो मानेर बस्नुर शिक्षा मन्त्रालयबाट यो नक्शा सहित नेपालको विवरण छापिएको पुस्तकलाई प्रतिवन्ध लगाउनुले ओली सरकारले यस विषयमा भारत सरकार सँग आत्मसमर्पर्ण सक गरिसकेको देखिन्छ। अतः हाम्रो गुमेको भूभाग हासिल गर्न विविध प्रकारका संघर्षका कार्यक्रमलाई अघि बढाउने तयारीमा लाग्ने निर्णय भएको छ। त्यो संघर्षलाई साथ दिनका लागि सम्पूर्ण जनसमुदायलाई हार्दिक अपील गर्दछौं। राष्ट्रियता, जनतन्त्र, जनजीविका आदि जनसरोकारका विषयहरूमा सरकार गम्भीर नभई उदासिन र गैरजिम्मेवार देखिएको छ। सरकारको उक्त रवैयाको हामीले विरोध गर्दछौं। उपर्युक्त विषयमा सरकारको त्यसप्रकारको रबैया कायम भइरहेमा भविष्यमा संघर्षका उच्च कार्यक्रम अगाडि बढाउनुपर्ने आवश्यकतामाथि हामीले जोड दिन्छौं।"

असोज २ मा बसेको नेकपा (क्रान्तिकारी माओवादी)को स्थायी समितिको बैठकले लिम्पियाधुरा, कालापानी, लिपुलेक सहितका नेपाली भूभाग फिर्तालिने, एमसीसी खारेज गर्ने लगायत राष्ट्रिय स्वाधीनताका साथै जनतन्त्र र जनजीविकाका जल्दाबल्दा विषयलाई लिएर जहाँ जे जस्तो सम्भावना छ स्थिति हेरी सङ्घर्षको कार्यक्रम दिने र उक्त विषयमा सहमत हुन सकिने साझा बुँदाका आधारमा एघार दलसित मिली संयुक्त सङ्घर्षको कार्यक्रम दिने निर्णय गरेको थियो। क्रान्तिकारी माओवादीकै पहलमा ९ असोजमा बसेको ११ दलीय मोर्चाको बैठकले राष्ट्रिय स्वाधीनताको आन्दोलन चर्काउने निर्णय गरेको हो।

एघार दलीय मोर्चाको बैठकमा मोहनविक्रम सिंह महामन्त्री, नेकपा(मसाल), मोहन वैद्य (किरण), महासचिव, नेकपा(क्रान्तिकारी-माओवादी), सीपी मैनाली, महासचिव, नेकपा(माले), चित्रबहादुर के.सी.,अध्यक्ष, राष्ट्रिय जनमोर्चा, सी.पी.गजुरेल, अध्यक्ष, देशभक्त जनगणतान्त्रिक मोर्चा, लोकनारायण सुवेदी, सहसंयोजक, नेपाल कम्युनिस्ट पार्टी, गोपाल किराती, अध्यक्ष, नेकपा(माओवादी केन्द्र), सुभासराज काफ्ले, अध्यक्ष, जनसमाजवादी पार्टी, नेपाल, साध्यबहादुर भण्डारी, राष्ट्रिय जनजागरण परिषद, नेपाल, केदारप्रसाद शर्मा, महासचिव, नेकपा(संयुक्त), गुणराज लोहनी, संयोजक, राष्ट्रिय जागरण मंचलगायतका नेताहरूको उपस्थिति रहेको थियो।


रोयल बुईपा A/C जम्बो हाईस



गाईघाट-लहान-खुर्कोट हुँदै काठमाडौंसम्म

काठमाडौं सम्पर्क नम्बर
बसन्त खड्का - ९८४२८३७७९३
- ९८१७७१९६९७
ईन्द्र कट्टेल - ९८१८४१५२९०

गाईघाट सम्पर्क नम्बर
फोन नं. ०३५-४२१६४३
पुरुषोत्तम खनाल - ९८५२८३५६९०
- ९८१५७८४८७४

दैनिक दिवा सेवा तथा आरामदायी र भरपर्दो यात्राको लागि हामीलाई सम्झनुहोस्।

(जि.प्र.का. काठमाडौं, द.नं. १९४-०७२/०७३ म.क्षे.हु.नं. १२-२ ०७६/०७७) वर्ष ५ अङ्क १५
वर्गदृष्टि Bargadristi Weekly साप्ताहिक

# आलोपालो

## साँस्कृतिक क्रान्ति – ६

**नेपालको पहिलो कोरोनाको सिकार पनि अन्धविश्वासबाटै भएको कुरा मैले प्रमाण सहित "अन्धविश्वासको पराकाष्टा कोरोनाको पहिलो सिकार" भन्ने आर्टिकलमा उल्लेख गरेको छु**



●रामबहादुर बुढा 'राजन' ●

प्रलयकालमा जल, थल, वायु, तेज, आकाश पञ्चमहाभुत आदि सृष्टिको अस्थित्व थिएन र अभाव ग्रस्त असत सृष्टिको अस्थित्व पनि थिएन । त्यसबेला भूलोक, आकाश र आकाश आदि भन्दा परको लोक पनि थिएन । सबैलाई ढाक्ने ब्रम्हाण्ड पनि थिएन । कसको स्थान कहाँ थियो ? र कसको के काम भन्ने कुराको पनि तारतम्मे मिलेको थिएन । प्रलयका क्रमममा सूर्यको टुक्रा खसेर आएको पृथ्वी विस्तारै सेलाउँदै जाँदा क्रमशः जल, जमिन, वायु, आकाश छुट्टीयो । अनि विस्तारै पानीमा एक एल्गी जातको वनस्पतीको विकास भयो । विस्तारै त्यो एल्गीबाट विभिन्न प्रकारका जलचरहरूको विकास हुँदै गयो । केही भ्यागुत्ता जस्ता प्राणीहरू पानीबाट वाहीर बस्ने अभ्यास गर्दागर्दै उनीहरूमा फोक्सोका विकास भई उनीहरू जल र जमिन दुवै ठाउँमा आवश्यकतानुसार बस्न सक्ने भए । अनि तिनै प्रणीहरूबाट थलचरहरूको विकास भयो । अनि थलचरहरू पनि केहीका प्वाँखहरू आए र उनीहरू उड्ने कल्पना अनि अभ्यास थाले । उनीहरूको शरिमा प्वाखका साथै हावाको थैलीको विकास भयो अनि उनीहरू हावामा उड्न थाले । अण्डा पार्ने र अण्डाबाट बच्चा जन्माउने पद्दतिको विकास भयो भने केही हवामा उडेता पनि दुध चुसाउने जाति चमेरा जस्ता म्यामलहरू पनि भए । जनावरहरू ठुलाठुला डाइनोसरमा विकसित भए र संसारका सबै अन्य प्राणीहरूलाई मारेर खान थाले । उनीहरूका डरमा आकासका चरा प्रजातिहरू पनि डराउने र केही खरायो मुसा जस्ता थुप्रै प्रजातीहरू डाईनोसरका डरकाकारण जमिनमुनी सुरुङ्ग भित्र बस्ने गर्न थाले । डाइनोसरको त्यो दवदवा पनि एउटा उल्का खसेपछि सकियो र चराहरूको नाश भयो तर जमिनमुनी गहिरो सुरुङ्गभित्र बस्ने ति मुसा प्रजातीका केही जनावरहरू मात्र बाँच्न सफल भए । ति प्राणीहरूबाट नै पछिल्लो संरचनामा प्राणीको विकास भएको हो । अन्ततः बाँदर प्रजातीका ढेडुहरूको विकासबाट मानव बनेको हो । (भौतिकवादी विश्लेषण)

संसारको रचना इश्वरले गर्नु भयो । उहाँले सुन्दर हिमाल, पहाडहरू, रुखहरू, नदिहरू र समुद्र आदि बनाउनु भयो । त्यस पछि चराहरू र जनावरहरू माछाहरू आदि पनि बनाउनु भयो । तर उहाँलाई एक्लो पनको अन्त्य भएन अन्ततः इश्वरले मानिस पनि बनाउनु भयो जो उहाँले आफ्नो जस्तै स्वरूपमा बनाउनुभयो । आफुसँग कुरा गर्ने बनाउनु भयो, पुरुष बनाउनु भयो अनि पुरुषको अंगबाट महिला बनाउनु भयो । आज त्यही इश्वर विभिन्न अवतारमा संसारमा आउनु हुन्छ र संसारलाई बचाएर राख्नु हुन्छ । विशेष गरि मानव अवतारमा इश्वर सधै सबैको मन मनमा बस्नु हुन्छ । परम प्रभूको रूपमा पृथ्वीको कणकणमा बस्नुहुन्छ । थुप्का थुम्का र ढुङ्गाढुङ्गाहरूमा अनि रुखहरूमा पनि देवताको रूपमा इश्वर हुनुहुन्छ । उहाँको चहानामा यो संसार चलेको छ । उहाँले मान्छेलाई जन्म दिनुहुन्छ अनि मृत्यु पनि उहाँले नै दिनुहुन्छ । सुख दिनुहुन्छ अनि दुःख पनि उहाँले नै दिनु हुन्छ । उहाँले पछिल्लो समयमा मान्छेहरू धेरै भईसकेपछि विभिन्न जातजाती पनि बनाउनु भएको हो भन्ने मान्यता पाईन्छ । कतै इश्वरको वगैचामा अदाम नामको मानिस बनाएर छोड्नु भएछ । त्यस पछि त्यो अदाम नामको मानिस एक्लै भएर छटपटाएको देखेपछि ईश्वरले त्यसको देब्रे करंगबाट महिला बनाउनु भएपछि मानव सृष्टि भएको हो भन्ने भनाई आदि आध्यात्मवादीहरूले

*बाँकी ७ पेजमा*

# स्याङ्जा र पाल्पाको पहिरोमा परी मृत्यु हुनेको संख्या ८ पुग्यो, ७ जना बेपत्ता

स्याङ्जा । जिल्लाको वालिङ नगरपालिका-१४ तमादीमा गएको पहिरोमा परी ज्यान गुमाउनेको संख्या ७ पुगेको छ । बिहीबार बिहान ६ बजे घरमाथिबाट आएको पहिरोमा परी बेपत्ता भएका १४ वर्षीय विक्रम नेपाली र १६ वर्षीया विनिता नेपालीको शव भेट्टिएको छ।



यसअघि २८ वर्षीया उमाकला नेपाली, ४८ वर्षीया माया नेपाली, ३० वर्षीय दीपक नेपाली, ६० वर्षीया सानी नेपाली र ९ वर्षीय विवश नेपालीको शव भेटिएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । पहिरोमा परी १६ वर्षीया मनिषा नेपाली घाइते भएकी छन् । उनलाई थप उपचारका लागि पोखर रिफर गरिएको छ । पहिरोमा परी बेपत्ता अन्य दुई जनाको खोजी भइरहेको छ ।

यसैगरी कालीगण्डकी गाउँपालिका-४ मा गएको पहिरोमा परी १६ वर्षीय विष्णु दमाईको मृत्यु भएको छ । उता पाल्पाको रम्भा गाउँपालिका वडा नम्बर ३ सुरुङडाँडामा पहिरोले घर पुरिँदा एक जनाको मृत्यु भएको छ भने पाँचजना बेपत्ता भएका छन् । जिल्ला प्रहरी कार्यालयका अनुसार वीरबहादुर गाहाकी २७ वर्षीया श्रीमती मोतिसरा गाहाको मृत्यु भएको छ । वीरबहादुर भने पहिरो खस्दाखस्दै भागेर ज्यान जोगाउन सफल भएका छन् ।

## सरकारले...

बनाएको र त्यसले स्थलगत गरेको भन्दै उनले भने, 'बनेका घरहरू नेपाल-चीन सीमाबाट एक किलोमिटरभित्र चिनियाँ भूभागमा बनेको भनेर प्रतिवेदन दिइएको रहेछ ।'

अहिले त्यही ठाउँमा थप भवन बनेको पाइएको भन्दै उनले नेपाल चीनबीच सीमा समस्या नभएको बताए । सञ्चारकर्मीहरूलाई यो विषयमा लेख्नुअघि मन्त्रालयको आधिकारिक धारणा लिन समेतले उनले आग्रह गरे ।

परराष्ट्रमन्त्री ज्ञवालीले भने, 'कहीँ कतै समस्या देखा परे भने पनि बसेर छलफल गर्ने सौहार्द सम्बध छँदैछ ।'

चीनले नेपाली भूमि अतिक्रमण गरेको समाचार आएपछि हुम्लाका प्रमुख जिल्ला अधिकारी (प्रजिअ) चिरन्जीवी गिरीको नेतृत्वमा नेपाली सेना, सशस्त्र प्रहरी, नेपाल प्रहरी, राष्ट्रिय अनुसन्धान र गाउँपालिकाका अध्यक्ष सम्मिलित टोलीले स्थलगत अनुगमन गरेर फर्केको छ ।

प्रजिअ नेतृत्वको टोलीमा अनुगमन गरेर फर्केका नाम्खा गाउँपालिका अध्यक्ष विष्णुबहादुर तामाङका अनुसार चीनियाँ अधिकारीहरूले 'त्यो भूमि हाम्रो हो, तपाईहरूको केही कुरा भए सीमानामा गरौंला' भनेका थिए ।

२०६६ सालमा पनि सोही ठाउँमा चिनियाँ पक्षले तीनवटा भवन निर्माण गरेको र पछि बिरोध भएपछि निर्माण कार्य रोकिएको नाम्खा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत धर्मराज न्यौपानेले बताएका छन ।

यसैबीच चीनले हुम्लामा नेपाली भूमि मिचेको छैन भनेर सरकारले दिएको प्रतिक्रियालाई प्रमुख विपक्षी नेपाली कांग्रेसले हतारको टिप्पणी भनेको छ ।

हुम्लाको लिमी उपत्यकामा चीनले नेपाली भूमि अतिक्रमण गरेर भवनहरू बनाएको खबर आएपछि सरकारले खण्डन गरेको थियो । सरकारका प्रवक्ता एवं परराष्ट्रमन्त्री प्रदीप ज्ञवालीले चीनले नेपाली भूमि अतिक्रमण गरेको छैन भनेका थिए ।

तर असोज ८ गते कांग्रेस प्रवक्ता विश्वप्रकाश शर्माले बिहीबार विज्ञप्ति जारी गर्दै स्थलगत अध्ययनको विवरण आउनु पूर्व नै 'सीमा मिचिएको छैन' भनेकोमा पार्टीको ध्यानाकर्षण भएको बताएका छन ।

'प्रमुख जिल्ला अधिकारी, नेपाल प्रहरी र नेपाली सेना समेतको टोलीको स्थलगत अध्ययन जारी रहँदै, स्थलगत भ्रमण पूरा गरेर सदरमुकाम फर्कनुपूर्व नै सरकारले धारणा सार्वजनिक गर्नु युक्तिसंगत देखिएन' उनले भनेका छन ।

अध्ययन टोलीले ११ नम्बर पिल्लर बुधबार मात्रै भेटेको र चीनले निर्माण गरेको संरचना १२ नम्बर पिल्लरबाट बाहिर या भित्र भनेर अध्ययन टोलीको स्थलगत अध्ययन निष्कर्षपछि सीमा मिचिएको हो,होइन भन्ने बारे निष्कर्षमा पुग्न सकिने स्थितिलाई सरकारले हेक्का नराखेको कांग्रेसले बताएको छ ।

पार्टीका केन्द्रीय सदस्य एवं कर्णाली प्रदेश संसदीय दलका नेता जीवनबहादुर शाही अध्ययनकै क्रममा रहेको भन्दै शर्माले भनेका छन, 'स्थलगत अध्ययनको धारणा आउनु पूर्व नै 'सीमा मिचिएकै छैन' भनेर ठोस अध्ययनको आधार बेगर धारणा सार्वजनिक गर्नु परराष्ट्र मन्त्रालयको कमजोरी रहेको हाम्रो ठहर छ ।'

साथै स्थलगत अध्ययन टोली सदरमुकाम फर्किएपश्चात सीमा मिचिएको ठहर भए चीन सरकारसमक्ष कडा विरोध जनाउँदै संवादको कूटनीतिक प्रक्रियामार्फत समाधानमा पुग्न सरकारलाई प्रतिपक्षी दलका तर्फबाट सचेत गराउने विज्ञप्तिमा उल्लेख छ ।

असोज, ८ गते उत्तरी छिमेकी मुलुक चीन र नेपाल बीचको सिमानामा राखेको ११ नम्बरको सीमास्तम्भ फेला परेको छ । हुम्लाका प्रमुख जिल्ला अधिकारी चिरिञ्जिवी गिरी नेतृत्वको टोलीले बुधबार उक्त सीमास्तभ फेला पारेको बताएको छ ।

सीमास्तम्भ नाम्खा गाउँपालिका ६ टाकुलेमा भेटिएको जिल्लाका सुरक्षा अधिकारीलाई उद्धृत गर्दै नाम्खा गाउँपालिकाका अध्यक्ष विष्णुबहादुर तामाङले जानकारी दिए । उनका अनुसार ११ नम्बर सीमास्तम्भ सीमा प्रहरी चौकी, हिल्साभन्दा माथि करिब ५२ सय मिटर उचाइमा भेटिएको छ ।

सीमास्तम्भ भेटिए पनि चीनले बनाएका भवन कसको भूभागमा पर्छ भन्ने अझै यकिन हुन नसकेको नाम्खा गाउँपालिका अध्यक्ष विष्णुबहादुर तामाङ बताउँछन्

'प्रमुख जिल्ला अधिकारीसहितको सुरक्षाकर्मीको टोलीसँग मेरो कुरा भएको छ,' गाउँपालिका अध्यक्ष तामाङले अनलाइनखबरसँग भने, 'टाकुले लेकको खोचमा हिउँसँगै दबेर रहेको ढुंगाजस्तो बस्तु देखेपछि सुरक्षाकर्मीले माटो र हिउँ पन्छाएर हेर्दा ११ नम्बर सीमास्तम्भ रहेछ ।'

नाम्खा गाउँपालिका-६ लाप्चाको लोलुङजोङ क्षेत्रमा चीनले निर्माण गरेका भवनको विषयमा हुम्लाका प्रमुख जिल्ला अधिकारी चिरिञ्जिवी गिरी नेतृत्वको टोली स्थलगत अध्ययन गर्न गएको थियो । लोलुङजोङमा चिनियाँ अधिकारीसँगको वार्ता सफल नभएपछि प्रजिअ गिरी नेतृत्वको टोली त्यहाँबाट हिल्सा गएको थियो ।

११ नम्बर सीमास्तम्भ हराएकाले नेपाल र चीनसँगको सिमाना पटक-पटक विवाद हुने गरेको थियो । सुरक्षाकर्मीको टोलीले त्यसको खोजीलाई अन्तिम लक्ष्य मान्दै नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी र राष्ट्रिय अनुसन्धानका सुरक्षाकर्मीलाई सिमानामा दुई टोली बनाएर खटाएको थियो ।

सुरक्षाकर्मी र केही स्थानीयहरूको अथक प्रयासमा तीन दिनको खोजबिनले हराएको पिल्लर फेला परेको अध्यक्ष तामाङले बताए ।

प्रमुख जिल्ला अधिकारीसहितको सुरक्षाकर्मीको टोली अझै सीमा क्षेत्रबाट फर्किएको छैन । सीमास्तम्भ भेटिए पनि चीनले निर्माण गरेका सीमा क्षेत्रका भवन कसको भूभागमा पर्छ भन्ने अझै यकिन हुन नसकेको अध्यक्ष तामाङ बताउँछन ।

'सीमास्तम्भ त भेटिएको छ । तर चीनले भवन बनाएको भूभाग कसको हो भन्ने अझै यकिन हुन सकेको छैन,' अध्यक्ष तामाङले भने, 'तर अव बर्षौंदेखिको विवाद भने सुल्झिने हामीले अपेक्षा गरेका छौं ।'

चीनले नेपाली भूमिमा भवनहरू बनाएको समाचार सार्वजनिक भएलगत्तै नेपाल सरकार र काठमाडौंस्थित चिनियाँ दूतावास दुवैले चीनले नेपाली भूमि अतिक्रमण नगरेको प्रष्टीकरण दिएका छन ।








**नोवेल कोरोना भाइरस (COVID-19) सामान्य रुघाखोकीभन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारको लागि औषधी पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।**

**यसबाट बच्ने उत्तम उपायहरू :**

- कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले र पछि साबुन पानीले राम्रोसँग हात धुने,
- अनावश्यक रूपमा घर बाहिर भिडभाडमा नजाने,
- खोक्दा र हाछ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने,
- कुनै पनि व्यक्तिसँग तीन फिटको दुरी कायम गर्ने,
- जंगल तथा घरपालुवा पशुपन्छीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने,
- सकेसम्म पशुजन्य मासु नखाने,
- ज्वरो, रुघा र खोकी तथा स्वासप्रस्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने
- कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु जम्माखोरी, कालोबजारी तथा लुकाइराखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने ।

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**


**प्रकाशक** : वर्गदृष्टि मिडिया प्रा.लि., **प्रबन्ध निर्देशक** : हुकुमबहादुर सिंह, **सम्पादक** : इन्द्रबहादुर राउत, **फोटो**: जय दाहाल, **कार्यालय** : काठमाडौं-१०, बुद्धनगर **सम्पर्क नं.** : ९८५१०७६८६४, ०१-५२६०११२ **इमेल** : bargadristi073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।